# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १५४ | काठमाडौं | बुधबार, ०८ असोज २०८२ | Prabhab National Daily | Wednesday, 24 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-१० जवाङखोलास्थित सडकमा सोमबार राति पहिरो झरेपछि रोकिएका यात्रु र सवारीसाधन । उक्त पहिरो पन्छाएर मंगलबार बाटो खुलाए पनि अपराह्न नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत इच्छाकामना गाउँपालिका-६ स्थित तुइनखोलामा फेरि ठूलो पहिरो खसेका कारण सडक दुईतर्फी अवरुद्ध भएको छ । *तस्बिर: रासस*

# दलीय नेताकै शैलीमा विज्ञ मन्त्रीहरू



■ प्रभाव संवाददाता

**काठमाडौं-** चर्चा कमाउने उद्देश्यका साथ क्यामरा अगाडि जसरी पनि देखापर्ने बानी नेताहरूको देखिन्छ नै । दलबाट मन्त्री भएकाहरू यसरी नै क्यामराअगाडि ठिक्क पार्दै 'स्टन्ट' प्रतिस्पर्धामा उत्रन्थे ।

पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसबाट मन्त्री बनेका मोहन बस्नेत, एकीकृत समाजवादीबाट मन्त्री बनेका रामकुमारी झाँक्री, प्रकाश ज्वाला, प्रेम आले, माओवादी केन्द्रबाट मन्त्री बनेका सुदन किराती, राष्ट्रिय स्वतन्त्र पार्टीबाट मन्त्री बनेका रवि लामिछाने र सुमना श्रेष्ठ यसरी नै चर्चामा आउँथे ।

राज्यको तर्फबाट दुई करोडभन्दा बढी खर्चेर रत्नपार्कदेखि भक्तपुरको सूर्यविनायकसम्म सडकमा 'डेडिकेटेड लेन' बनाएको केही समयमै बन्द भयो । यो पूर्वभौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाको पालामा भएको 'स्टन्ट' थियो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति लामिछाने गृहमन्त्री हुँदा ट्राफिक नियम उल्लंघन गर्नेलाई सडकमा स्वयंसेवकको रूपमा खटाएपछि आलोचना भयो । कांग्रेसबाट मन्त्री बनेका बस्नेतले स्वास्थ्य मन्त्रालयमा कार्यरत कर्मचारीलाई आत्महत्या गर्ने भए आफैंले डोरी किन्दिनेजस्ता अभिव्यक्ति दिए भने किरातीले आफैं कार्यालय सफा गर्थे ।

- जेन-जी विद्रोहको बलमा बनेको सुशीला कार्की नेतृत्वको सरकारमा मन्त्री बनेकाहरू पनि 'स्टन्ट'मै रमाउँदै
- मुख्य कामलाई थाँती राखेर अनुगमनमा दौडधुप, स्टन्टमा कुलमान अगाडि
- सञ्चारमन्त्री बनेका जगदीश खरेलले निःशुल्क इन्टरनेटको घोषणा गरेर त शिक्षामन्त्री महावीर पुनले मन्त्रालयमै बासको व्यवस्था गराएर सस्तो लोकप्रियता बटुल्दै

यसरी नै जेन-जी विद्रोहको बलमा बनेको कार्की नेतृत्वको सरकारमा मन्त्री बनेकाहरू पनि स्टन्टमा प्रतिस्पर्धा गर्न थालेका छन् । यसमा सबैभन्दा अघि देखिएका छन् ऊर्जामन्त्री कुलमान घिसिङ । मन्त्री घिसिङले कार्यभार सम्हालेको पहिलो दिनमै कर्मचारीलाई १८ घन्टा काम गर्न निर्देशन दिए । 'अब तपाईंहरू २४ घण्टामा १८ घण्टा खट्नुस् । म पनि त्यही गर्छु । तपाईंहरू १८ घण्टा खट्नुपर्छ,' भदौ २९ गते मन्त्री बन्नसाथ घिसिङले भने । कानुनतः कर्मचारीले आठ घण्टा काम गर्नुपर्छ ।

त्यसको केही दिनमै घिसिङले अरनिको राजमार्ग तुरुन्तै खोल्न निर्देशन दिए । दुई दिनभित्र कोदारी नजिकै रहेको राजमार्ग खोल्न निर्देशन दिएका घिसिङ पूर्वप्रधानमन्त्री ओली शैलीमा सोमबार तातोपानी पुगे । निरन्तर पानी पर्दामात्र बन्द हुने सडक तुरुन्तै खोल्न निर्देशन दिएर आफैं उपस्थित हुन पुगे र हातले इसारा गर्दै देखाएर आफैंले सुरु गरेझैं गरे । यसरी देशभर उद्घाटन र शिलान्यासमा उपस्थित हुन पुग्ने नेता एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री ओली नै हुन् ।

यतिमात्र हैन मन्त्री घिसिङले दलकै नेतामन्त्रीको शैलीमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकबाट हितेन्द्रदेव शाक्यलाई हटाएर प्रतिशोध साँधे । घिसिङलाई यसैगरी ओली नेतृत्वको सरकारले हटाएको थियो ।

यसैगरी यो सरकारमा चर्चामा छाएका अर्का मन्त्री हुन् शिक्षा मन्त्रालय सम्हालेका महावीर पुन । नेपाल आविष्कार केन्द्र स्थापना गरी वैज्ञानिकको छवि बनाएका मन्त्री पुनले आफू २४ घण्टै मन्त्रालयमा बसेर काम गर्ने भन्दै केशरमहलस्थित शिक्षा मन्त्रालयमै गास बासको व्यवस्था गर्न लगाएका छन् । भदौ २४ गते सिंहदरबारस्थित मन्त्रालयमा आगजनी भएपछि केशर पुस्तकालय रहेको केशर महलमा शिक्षा मन्त्रालय सरेको हो । उक्त मन्त्रालयमा मंगलबार पदबहाली गर्न पुगेका पुनले आफूलाई खाने र सुत्ने ठाउँ प्रबन्ध गर्न निर्देशन दिएका थिए ।

क्रमशः पृष्ठ २ मा

# जेन-जी आन्दोलनमा लुटिएका हतियारले बढायो सुरक्षा चुनौती

## १२ सयभन्दा बढी हतियार लुटिए, अधिकांश अझै भएन फिर्ता

- जेन-जी आन्दोलनका क्रममा राइफल र पेस्तोल एक हजार २७६ थान लुटिए
- लुटिएकामध्ये केही फिर्ता, अधिकांश फिर्ता गर्न बाँकी
- लुटिएका हतियारले बढायो समाजमा असुरक्षा र त्रास
- प्रहरी प्रवक्ता भन्छन्- लुट्नेलाई पक्राउ गर्ने र हतियार फिर्ता गराउने क्रम जारी छ

■ जेबी योञ्जन



*तस्बिर: सामाजिक सञ्जालबाट*

**काठमाडौं-** चामत्कारिक रूपमा देशको सत्तापलट गरेको दुईदिने जेन-जी आन्दोलनमा आन्दोलनकारीहरूले प्रहरीका एक हजार २७६ थान राइफल र पेस्तोल लुटेका छन् । केन्द्रीय प्रहरी प्रवक्ता डिआइजी विनोद घिमिरेका अनुसार आन्दोलनकारीहरूले प्रहरीका हतियार लुटेको जेन-जी आन्दोलनको दोस्रो दिन २४ भदौमा हो । त्यसदिन बिहानैदेखि प्रहरी चौकीहरूमा लुटपाट, आगजनी र प्रहरीका जवानदेखि असईसम्मको हत्या भएको थियो ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# युएईको कानुनविपरीत गतिविधिमा नलाग्न दूतावासको आग्रह



- अमर्यादित र अनुशासनहीन गतिविधिमा संलग्न हुने क्रम बढेकोमा दूतावासको चासो
- मर्यादित र अनुशासित भएर पेसा व्यवसाय गर्न आग्रह
- कतिपय नेपालीहरू मादक पदार्थको सेवन तथा झैझगडा, बैकिङ कसुर, आपसी नगदी लेनदेन र झैझगडा, लागू औषध ओसारपसार, इमिरेट्स आइडीको दुरूपयोग, साइबार क्राइम, अध्यागमन नियम र ट्राफिक नियमको उल्लंघन, फ्रिलान्स भिसाको प्रलोभनजस्ता गतिविधिहरूमा पर्ने गरेको उल्लेख

■ प्रभाव संवाददाता

**काठमाडौं-** संयुक्त अरब इमिरेट्स (युएई) मा कार्यरत नेपालीहरू अमर्यादित र अनुशासनहीन गतिविधिमा संलग्न हुने क्रम बढेको भन्दै त्यहाँस्थित नेपाली दूतावासले सचेत गराएको छ । अबुधावीस्थित नेपाली दूतावासले मंगलबार एक सूचना प्रकाशित गरी मर्यादित र अनुशासित भई आफ्नो पेसा र व्यवसाय सञ्चालन गर्न आग्रह गरेको छ ।

नेपालमा गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनपछि युएईले नेपालीलाई भिसा बन्द गरेको अवस्थामा युएईस्थित नेपाली दूतावासबाट यस्तो सूचना आएको हो । युएईले आधिकारिक धारणा सार्वजनिक नगरे पनि जेन-जी आन्दोलनका क्रममा भएको तोडफोड, आगजनी र हजारौं संख्यामा कैदीबन्दी भागेको घटनालाई लिएर नेपालीलाई भिजिट तथा कामदार भिसा बन्द गरेको बताइएको छ । भिसा बन्द गर्दा नेपाली श्रमिक र वैदेशिक रोजगार क्षेत्र प्रभावित बनेको अवस्था छ ।

यसअघि इमान्दार र मिहेनतीको छवि बनाएका नेपालीहरूलाई पछिल्लो समय विध्वंसात्मक दृष्टिले हेन थालिएको जानकारहरू बताउँछन् । नेपाली दूतावासको सूचनाले पनि यसलाई थप पुष्टि गरेको छ । युएई अहिले नेपालीहरूको प्रमुख रोजगार गन्तव्य बन्दै आएको छ ।

'संयुक्त अरब इमिरेट्समा विभिन्न पेसा र व्यवसायमा कार्यरत रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई आफू कार्यरत कम्पनी र बसोबास गर्ने स्थानमा सधैं मर्यादित र अनुशासित भई आफ्नो पेसा र व्यवसायप्रति सधैं इमान्दार, कर्तव्यनिष्ठ...

क्रमशः पृष्ठ २ मा

# स्वास्थ्य परीक्षण संस्थाका सञ्चालकहरूले खोले नयाँ संघ



**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारको स्वास्थ्य परीक्षण गर्दै आएका स्वस्थ्य संस्थाहरूले स्वास्थ्य संस्था सञ्चालक संघ नेपाल खोलेका छन् । मदनकुमार पुर्वेको अध्यक्षतामा उक्त संस्था खोलिएको हो ।

हालको नेपाल मेडिकल व्यवसायी संघ र नेपाल मेडिकल व्यवसायी महासंघले अधिवेशन गर्न नसकेको र सिण्डिकेट लगाएकाले नयाँ संस्था खोल्न बाध्य भएको नवगठित संस्थाका अध्यक्ष पुर्वेले बताए ।

नयाँ संघको कार्यालय गत आइतबार उद्घाटन गरिएको थियो । उक्त कार्यक्रममा संघका उपाध्यक्ष रामहरि थापाले सिण्डिकेटको विरोध गर्दै व्यवसायीको हितमा काम गर्न संस्थाको जन्म भएको हुँदा ढुक्क भएर व्यवसाय गर्न आग्रह गरे । कार्यक्रममा सोमराज लिम्बू, नूरपति भण्डारीलगायतका व्यवसायीले 'सी ग्रेड'मा उपलब्ध सामग्री, औजारबाट वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न सबै स्वास्थ्य संस्थालाई आग्रह गरे ।

क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## दलीय नेताकै..

मन्त्रीको निर्देशनअनुसार भान्सा र शयनकक्ष तयार पारिएको प्रशासन महाशाखाकी उपसचिव अनिता निरौलाले बताइन् । 'मन्त्रीज्यूले भन्नु भएपछि हामीले उहाँलाई खाने र सुत्ने व्यवस्था गरेका छौं,' निरौलाले भनिन् ।

भदौ २४ गते मन्त्रीक्वाटर पनि जलेपछि प्रधानमन्त्री कार्कीबाहेक अरु मन्त्री भने निवासबाटै मन्त्रालय धाउँदै आएका छन् । मंगलबारमात्र शिक्षामन्त्री पुनले नेपाल भरका सामुदायिक माध्यमिक विद्यालयमा पढ्ने विद्यार्थीहरूका लागि हरेक विद्यालयमा एक जना कम्प्युटर शिक्षकको दरबन्दी अनिवार्य थप्नुपर्ने समयमै परीक्षाफल ननिकाल्ने विश्वविद्यालयहरूको अनुदान रोक्का गर्ने, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको हाताभित्र ठूलो क्षेत्रफलमा रहेको झाडी फाँडेर सुन्दर बँगैचासहित फुटपाथ बनाउने प्रस्ताव गरेका छन् । सामुदायिक विद्यालयमा कम्प्युटर शिक्षकको व्यवस्था धेरै अघिबाट हुन थालिएको हो । यसैगरी त्रिविमा झाडी फाँडेर बगैंचा बनाउने खालका निर्णय चर्चामा आउनेबाहेक अरु नभएको विश्लेषकहरू बताउँछन् ।

यता मंगलबार नै सञ्चारमन्त्री बनेका जगदीश खरेलले पनि चर्चा कमाउनेगरी देशभरका १० सहरमा निःशुल्क इन्टरनेट उपलब्ध गराउने निर्णय गरे । काठमाडौंका सार्वजनिक स्थानमा दुई महिनाभित्र र अन्य नौ सहरमा पाँच महिनाभित्र निःशुल्क इन्टरनेट उपलब्ध गराउने खरेलको निर्णयले वाहवाही पाइरहेको छ । जबकि, अहिले पनि सहरी क्षेत्रमा निजी इन्टरनेट सेवा प्रदायक वर्ल्ड लिंकले निःशुल्क इन्टरनेट दिँदै आएको छ । अर्को यो निर्णय आफैंमा सरकारको विभेदकारी निर्णय भएको सञ्चार मन्त्रालयकै अधिकारीहरू बताउँछन् ।

कुनै समय मन्त्रीका यस्ता काम देखेर वाक्क भएको तर्क गर्दै पूर्वसचिव सिस्टम बनाउन छाडेर सडकमा उत्रनु गलत मान्थे । 'सडकमा अनधिकृत तरिकाबाट काम गर्दै गरेकालाई हटाउने, सडक सफा गर्ने, अवैध संरचनाहरू डोजर लगाएर भत्काउने काम गर्ने नीति विधि छ । त्यसको लागि बजेट र कर्मचारी जनशक्ति सरकारसँग छ । भइरहेको प्रणालीले काम गरेको छैन भने त्रुटि हुन नदिन नीतिगत निर्णय गर्ने र कानुन निर्माण र संशोधन गर्ने काम मन्त्रीको हो । तर यहाँ मन्त्रीहरूनै मिडियाबाजी गर्न सडकमा देखिएका छन्,' कुनै बेला अर्थशास्त्री रामेश्वर खनाल भन्थे । उनै खनाल अहिले अन्तरिम सरकारको अर्थमन्त्री बनेका छन् ।

अर्थमन्त्री खनालले पनि आफूले सरकारी तलब र सेवासुविधा नलिने घोषणा गरी सस्तो लोकप्रियता कमाउने निर्णय गरेका छन् । जबकि खनाल पेन्सनधारी कर्मचारी हुन् । उनले मन्त्रीसरह नै तलब बुझ्ने गर्छन् । यतिमात्र हैन अर्थमन्त्री खनालले पुनर्निर्माणको नाममा राजस्व छुट दिने, तीन करोड रूपैयाँभन्दा मुनिका बजेट रोक्का गर्नेजस्ता गोलमटोल निर्णय गरेका छन् ।

■■■

## जेन–जी...

डिआइजी घिमिरेले हतियार लुटपाट गर्नेलाई पक्राउ गर्नेदेखि उनीहरूबाट हतियारलाई फिर्ता लिने काम भइरहेको बताए । तर, अझै लुटिएकामध्ये अधिकांश हतियार फिर्ता लिन बाँकी रहेको उनको भनाइ छ ।

प्रहरीको आन्तरिक अभिलेखअनुसार आन्दोलनपछि ९८ हजार ४९१ थान गोलीको अत्तोपत्तो छैन । आन्दोलनमा प्रहरीले कति प्रहार गरे ? त्यो पनि खुल्न बाँकी छ ।

रबरको गोली पनि एक हजार ३१५ वटा अभिलेखमा छैनन् । यो गोली तनावग्रस्त स्थितिलाई नियन्त्रणमा लिन घुँडामुनी लाग्नेगरी प्रहार गरिन्छ । जेन-जी आन्दोलनको क्रममा सुरुमा प्रहरीले रबरको गोली प्रहार गरेका थिए । पछि आत्मरक्षाका लागि भन्दै धातुका गोली प्रहार गरे । यी दुवैखाले गोली अभिलेखमा कम देखिएको प्रवक्ता घिमिरे बताउँछन् ।

आन्दोलनको क्रममा दुई दिनमा दुई हजार २२० पटक हवाइ फायर भएको देखिएको छ । काठमाडौं उपत्यकासँगै चितवन, हेटौंडा, इटहरी, सुनसरी, झापा, जनकपुरधाम, पोखरा, बुटवल, वीरेन्द्रनगर, वीरगञ्जलगायत ठाउँमा प्रहरीले स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले हवाइ फायर गरेको थियो । त्यसअघि तीन हजार २२३ वटा अश्रुग्यास पनि प्रहार गरेको प्रहरीको अभिलेखमा छ ।

प्रहरीबाट लुटिएका हतियार बुझाउन नेपाली सेनाले भदौको २५ गते आह्वान गरेको थियो, त्यसबेला सेनाले देशमा शान्ति र सुरक्षाको जिम्मा लिएको थियो । नेपाल प्रहरीले पनि सोही दिन आन्दोलनका क्रममा आन्दोलनकारीले लुटेका हतियार फिर्ता गर्न सूचना जारी गरेको थियो । कतिले सूचनाअनुसार हतियार बुझाएका छन् । कतिपयले भने नबुझाएर अटेर गरेका छन् ।

नेपाल प्रहरीका पूर्वएआइजी बसन्तकुमार लामा हतियारले समाजमा आतंक सिर्जना हुने बताउँछन् । नागरिकले असुरक्षा महसुस गर्छन् । त्यही भएर जेन-जी आन्दोलनकारीहरू वा आन्दोलनको क्रममा लुटेका अन्यले प्रहरीलाई हतियार बुझाउनुपर्ने र प्रहरीले पनि गम्भीर ढंगले खोजतलास गर्नुपर्ने बताए ।

'हतियारले समाजमा असुरक्षा बढाउँछ । नागरिकमा त्रास उत्पन्न गराउँछ, त्यसो हुनाले हतियार खोजतलास गरेर नियन्त्रणमा लिनुपर्छ,' उनले प्रभावसँग भने । प्रहरीबाट लुटिएका हतियारहरू घातक छन् । तिनै हतियार प्रहरीले आन्दोलनको पहिलो र दोस्रो दिन चलाउँदा ७४ जनाले ज्यान गुमाउनुपर्‍यो । देशभरमा चार हजार बढी घाइते छन् । केहीको अवस्था चिन्ताजनक छ । यसबाट नै प्रहरीबाट खोसिएका हतियारहरू कति घातक छन् भन्ने प्रस्ट हुन्छ । ती हतियारहरू नेपाली सेनाले प्रहरीलाई दिएका हुन् ।

प्रहरीबाट हालै लुटिएको चाइनिज पेस्तोल (सानो) को क्षमता सात राउण्ड हुन्छ । आत्मरक्षा र छोटो दूरीमा प्रहार गर्न यस्तो पेस्तोल उपयुक्त हुन्छ । नाइन एमएम चाइनिज पेस्तोल (ठूलो) को क्षमता १५ राउण्डको हुन्छ, जुन अर्धस्वचालित हतियार हो । ५० मिटरसम्म प्रहार गर्न यो हतियार सक्षम हुन्छ ।

डबल एक्सन रिभल्भरले ३० मिटरसम्म प्रहार गर्छ । अर्धस्वचालित इण्डियन स्मल आर्म सिस्टम, जसलाई इन्सास भनिन्छ, ३० राउण्ड क्षमताको इन्सास ४०० मिटरसम्म निसाना लगाउन सक्षम हुन्छ । २० राउण्ड क्षमताको अर्धस्वचालित सेल्फ लोडिङ राइफल (एसएलआर) ले ८०० मिटर दूरीसम्म निसाना लगाउन सक्ने प्रहरी बताउँछन् ।

यी सबै खालका हतियार प्रहरीले जेन-जी आन्दोलनमा प्रयोग गरेको देखिएको छ । तिनै हतियार प्रहरीबाट आन्दोलनकारीहरूले लुटेका हुन् । यसबारे खोजबिनका लागि उच्चस्तरीय छानबिन समिति गठनको माग भइरहेको छ ।

■■■

## युएईको कानुनविपरीत...

रही आफू बसोबास गर्दै आएको मुलुक युएईको नियम, कानुन, मूल्य मान्यता र अनुशासन पूर्णरूपमा पालना गर्न अनुरोध गर्दछ,' दूतावासले जारी गरेको सूचनामा उल्लेख छ ।

'संयुक्त अरब इमिरेट्समा विभिन्न पेसा र व्यवसायमा कार्यरत रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई आफू कार्यरत कम्पनी र बसोबास गर्ने स्थानमा सधैं मर्यादित र अनुशासित भई आफ्नो पेसा र व्यवसायप्रति सधैं इमान्दार, कर्तव्यनिष्ठ रही आफू बसोबास गर्दै आएको मुलुक युएईको नियम, कानुन, मूल्य मान्यता र अनुशासन पूर्णरूपमा पालना गर्न अनुरोध गर्दछ,' दूतावासले जारी गरेको सूचनामा उल्लेख छ ।

विगत केही समयदेखि युएईमा रहेका कतिपय नेपालीहरू मादक पदार्थको सेवन तथा झैझगडा, बैकिङ कसुर, आपसी नगदी लेनदेन र झैझगडा, लागू औषध ओसारपसार, इमिरेट्स आइडीको दुरूपयोग, साइबार क्राइम, अध्यागमन नियम र ट्राफिक नियमको उल्लंघन, फ्रिलान्स भिसाको प्रलोभनजस्ता गतिविधिहरूमा परी प्रत्येक दिन समस्यामा पर्ने गरेको सूचना दूतावासमा प्राप्त हुने गरेको र सो संख्या बढ्दै गइरहेको दूतावासले जानकारी दिएको छ ।

'यी सबै विषयहरू युएईको कानुन तथयुएईको कानुनविपरीता हुने हुँदा देहायका विषयहरूमा सचेत हुन तथा विशेष सावधानी अपनाउनु हुन राजदूतावास सम्पूर्ण नेपाली समुदायमा हार्दिक अनुरोध गर्दछ,' दूतावासले भनेको छ ।

युएईमा रहँदा त्यहाँको ऐन, कानुन, नियम र मूल्य मान्यताको पूर्णपालना गर्न, कानुनले निषेध गरेका कुनै पनि कार्यहरू नगर्न, मादक पदार्थ सेवन गरी झैझगडा नगर्न र कुनै पनि व्यक्तिले दिएको सरसामग्री चेकजाँच नगरी नबुझ्न दूतावासले सचेत गराएको छ । 'ट्राफिक नियमको सधैं पालना गर्ने । जेब्रा क्रसिङबाट मात्र बाटो काट्ने र ट्राफिक सिग्नलको सधैं पालना गर्ने । इमिरेट्स आइठी सधैं साथमा लिएर हिँड्ने,' दूतावासले सुझाएका बुँदाहरूमा उल्लेख छ ।

साथै, सधैं शिष्ट, मर्यादित र अनुशासित व्यवहार पालना गर्न, कसैसँग कुनै किसिमको नगद कारोबार वा लेनदेन नगर्न, कसैको लोभ लालच र मुलाहिजामा नफस्न, आफ्नो राहदानी, इमिरेट्स परिचयपत्र र फोनको सिमकार्ड कसैलाई पनि नदिन, इमिरेट्स आइडी बुझाई कुनै किसिमको बैकिङ ऋण नलिन पनि दूतावासले सचेत गराएको छ ।

'फेसबुक, टिकटक, इन्स्टाग्रामलगायतका सामाजिक सञ्जालहरूमा व्यक्तिगत चरित्रहत्या गर्ने तथा सामाजिक सद्भाव खलबल्याउने किसिमले जथाभावी पोस्ट नगर्ने र यहाँका निकायहरूमा अनावश्यक इमेल नगर्ने,' दूतावासले जारी गरेको सूचनामा उल्लेख छ, 'आफ्नो देशको चाडपर्व, धर्म संस्कृति सामूहिकरूपमा आयोजना गर्दा तोकिएको स्थानमा युएईको सम्बन्धित निकायबाट पूर्वस्वीकृति लिएर स्थानीय कानुनको मापदण्डभित्र रही अनुशासित तवरमामात्र आयोजना गर्ने ।'

नेपाली समुदायबीच ऐक्यबद्धता कायम गर्न सबै संघसंस्था र समाजहरूबीच पारस्परिक सम्बन्ध र भ्रातृत्व कायम गर्न पनि दूतावासले आग्रह गरेको छ ।

■■■

## स्वास्थ्य परीक्षण ...

स्वास्थ्य व्यवसायी महासंघका पूर्वउपाध्यक्ष एवं नेपाल मेडिकल व्यवसायी संघका पूर्वअध्यक्ष शमशेर नेपालीले आफू आबद्ध पूर्वसंस्थाले व्यवसायीको हितमा काम गर्न नसकेको, विधान र प्रस्तावनाअनुसार नचलेको आरोप लगाए ।

निवर्तमान श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले व्यवसायीलाई दोहोरो मापदण्ड थोपरेर बाहिरिएको आरोपसमेत उनले लगाए । स्वास्थ्य परीक्षणको विषय श्रम मन्त्रालय नभई स्वस्थ्य मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने हुँदा नियमन पनि त्यहीँबाट हुनुपर्ने राय उनीहरूले दिएका थिए ।

■■■


# भीमदत्त नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आयको ठेक्का सूचना

**तेस्रो पटक प्रकाशित मिति :- २०८२/०६/०८**

भीमदत्त नगरपालिकाको देहाय बमोजिमका आन्तरिक आयका बहु-बर्षिय ठेक्का बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागि मिति २०८२/०६/०८ का दिन सबै योग्य बोलपत्रदाताहरूको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.com/eGP-II मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०६/२३ गते दिनको १२ बजे सम्म र बोलपत्र खोल्ने मिति २०८२/०६/२३ गते दिनको १ बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रूपमा विद्युतीय माध्यमबाट मात्र गर्नुपर्नेछ ।

**देहाय**

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | आ. ब. २०८२/०८३ को न्यूनतम बोलपत्र कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|
| २आ.आ.।२०८२/०८३ | नगर क्षेत्रमा पटके व्यवसाय कर संकलन | रू ३३,२७,५००।०० | आ.व. २०८३/०८४ का लागी ठेक्का सम्झौता रकम आ.व. २०८२/०८३ को कबोल अंकमा १०% थप जोडी हुन आउने रकम कायम गरिनेछ । आ.व. २०८४/०८५ का लागी ठेक्का सम्झौता रकम आ.व. २०८३/०८४ को कबोल अंकमा १०% थप जोडी हुन आउने रकम कायम गरिनेछ । |

बिस्तृत जानकारीका लागि www.bolpatra.com/eGP-II मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



# दोधारा चादनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दोधारा चादनी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश

## सिलबन्दी बोलपत्र आह्वान

**प्रथम पटक प्रकाशित मिति २०८२/०६/०८ गते**

यस नगर कार्यपालिका कार्यालयको आ.व. २०८२/०८३ मा नगर क्षेत्रभित्र नदिजन्य पदार्थमा रोयल्टी सङ्कलन गर्ने कार्यका लागि आय सङ्कलनको ठेक्का कबोल गर्न नियमानुसार दर्ता भएका फर्महरूबाट आवश्यक कागजात संलग्न राखी देहायको मिति र समयभित्र सिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

| ठेक्का नं. | विवरण | आधार मूल्य मुअकर वाहेक | उत्खनन् परिमाण घ.मि. | फाराम दस्तुर रू. | धरौटी/जमानत रकमको म्याद |
|---|---|---|---|---|---|
| 20-IR-2082/083 | जोगबुडा खोलाबाट सङ्कलन गरिने नदीजन्य पदार्थमा रोयल्टी संकलन | ५०,०५,८३०।०० | २३,६२५।०० | ३०००।- | १२०दिन |

| बैंकको विवरणः कृषि विकास बैंक, शाखा कार्यालय दोधारा चादनी | बोलपत्र सम्बन्धी कागजातहरु www.bolpatra.gov.np/egp बाट तोकीएको फाराम दस्तुर तिरी खरिद गर्न सकिनेछ । ठेक्का सम्बन्धि बिस्तृत विवरण बोलपत्र सम्बन्धी कागजपत्रमा उल्लेख गरिएको छ । |
|---|---|
| ज्मानत खाता (धरौटी खाता) ग ३ : **०८२३५०१५६३७६७१०८**<br>आन्तरिक राजश्व खाता ग १.१ : **०८२३५०१५६३७६७०१९** | |

१. बोलपत्रको अन्तिम दर्ता मिति २०८२/०७/०९ गते दिनको १२:०० बजे र खोलिने मिति २०८२/०७/०९ गते दिनको १४:०० बजे सम्मको हुनेछ । दर्ता गर्ने दिन सार्वजनिक बिदा भएमा लगत्तै अर्को दिन दर्ता गरिनेछ ।
२. बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
३. न्यूनतम अंकभन्दा घटी कबोल गरेको, म्याद नाघेको, रित नपुगेको वा शर्त राखी पेश गरेको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
४. सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन (पहिलो संसोधन) कार्यविधि २०८० अनुसार एकमुष्ठ वा ठेक्काको किस्ता अंकको २० प्रतिशत सम्झौता गर्दाको बखत, ४० प्रतिशत फागुन मसान्तभित्र र ४० प्रतिशत जेष्ठ मसान्तभित्र बुझाउनु पर्नेछ ।
५. ठेक्का कबोल गर्दा कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकममाथि उल्लेखित धरौटी खातामा जम्मा गरी सो को सक्कलै भौचर वा तोकिएको म्यादसम्मको बैंक जमानत बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
६. बोलपत्र कुनै कारण देखाई वा नदेखाई स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।
७. बोलपत्र सम्बन्धमा अन्य कुराहरु बुझ्नुपरेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**गणेशदत्त मिश्र**
**प्रमुख प्रशासकीय अधिकृत**



## युएइमा रोजगार
कम्पनी : LAHEEB TECHNICAL SERVICES — फ्रि-भिषा !! फ्रि-टिकट !!

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | LT. No. 331459 | चलानी नं. ६०२४५१९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Mason | 3 | 0 | 1500 | ५७,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Labouers | 12 | 0 | 1000 | ३८,४३० | | | | | | | |
| 3 | General Const. Carpenter | 3 | 0 | 1500 | ५७,६४५ | | | | | | | |
| 4 | Marble / Tiles Polisher | 3 | 0 | 1500 | ५७,६४५ | | | | | | | |
| 5 | Plasterer For Building | 6 | 0 | 1500 | ५७,६४५ | | | | | | | |
| 6 | Steel Fixer | 1 | 0 | 1500 | ५७,६४५ | | | | | | | |
| 7 | Tile Layer | 4 | 0 | 1500 | ५७,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १५ गते (1st Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUCCESS NEPAL HUMAN RESOURCE PVT.LTD
Basundhara Police Station-3, Kathmandu, Nepal, Tel: 00977-1-4110567, WhatsApp: 9801320043
Email: successnepalhr@gmail.com, Web: www.successnepalhr.com
LIC No. 1128/073/074



## मलेसियामा रोजगार
कम्पनी : SHELTER SECURITY SERVICES SDNBHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | LT. No. 331381 | चलानी नं. ६०२४५२०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1700 | ५७,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CPP SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | LT. No. 331380 | चलानी नं. ६०२४५२२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 0 | 1700 | ५७,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १५ गते (1st Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 290/059/60
NEPAL PLACEMENT AGENCY PVT. LTD.
Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal, Tel: +977-1-4531239, 4532999, Mob: Nepaljung: 9858024576, 9868127802
Rautahat: 9843195764, Dhangadi: 9848844526, Butwal: 9801977544, KTM: 9851002903, Email : info@npajobs.com, Web : www.npajobs.com



## कतारमा रोजगार
कम्पनी : GLOBAL SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | LT. No. 331471 | चलानी नं. ६०२४५२२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner / Public Building | 2 | 0 | 1000 | ३८,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Drycleaner | 2 | 0 | 1000 | ३८,९९५ | | | | | | | |
| 3 | Foreman | 1 | 0 | 2500 | ९७,४८५ | | | | | | | |
| 4 | Gen.manager/director | 1 | 0 | 5700 | २२२,२६५ | | | | | | | |
| 5 | General Supervisor | 1 | 0 | 2500 | ९७,४८५ | | | | | | | |
| 6 | Labour | 3 | 0 | 1000 | ३८,९९५ | | | | | | | |
| 7 | Office Cleaner | 2 | 0 | 1000 | ३८,९९५ | | | | | | | |
| 8 | Pool Technician-cleaner | 2 | 0 | 1000 | ३८,९९५ | | | | | | | |
| 9 | Representative Officer | 2 | 0 | 2200 | ८५,७८५ | | | | | | | |
| 10 | Service Advisor | 2 | 0 | 2500 | ९७,४८५ | | | | | | | |
| 11 | Supervisor | 2 | 0 | 2500 | ९७,४८५ | | | | | | | |
| 12 | Window Cleaner | 1 | 0 | 1000 | ३८,९९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १५ गते (1st Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1405/074/75
CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 813013135/ 9851083561/9802358807/ 9802358802, E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## दमनकारी नेतृत्व र सुरक्षा प्रमुखहरूलाई उन्मुक्ति नदेऊ


जेन-जी विद्रोहको क्रममा भदौ २३ गते नयाँ बानेश्वरको संसद् भवन अगाडि कयौं युवाले ज्यान गुमाए । १९ जना एकै दिन मारिए भने मृत्यु हुनेको संख्या ७२ जना पुगिसकेको छ । त्यतिबेला प्रधानमन्त्री थिए एमाले अध्यक्ष केपी शर्मा ओली । उनै ओली अहिले सत्तापलट भएपछि सार्वजनिक भएका छन् । यो घटना हुँदा सरकारको नेतृत्वमा भएको हिसाबले ओलीले माफी त माग्नैपर्ने हो, तर उनले गल्ती महसुससम्म गरेको छनक देखाएका छैनन् । उनीमाथि पनि अनुसन्धान हुनुपर्छ । तर खुलेआम ओलीले घुसपैठ भएको र प्रहरीसँग नभएको गोली चलाइएको भन्दै पन्छिन खोजिरहेका छन् ।

ओलीको कमाण्डमा भएको सरकारका गृहमन्त्री थिए रमेश लेखक । प्रधानमन्त्रीबाट ओलीलेभन्दा केही अघि नै राजीनामा दिएर अहिलेसम्मपनि गुपचुप छन् लेखक । उक्त घटनाको जिम्मेवारी लिएर राज्यलाई अनुसन्धानमा सघाउनुपर्नेमा लेखक अझै सार्वजनिक हुन मानिरहेका छैनन् । लेखकको नेतृत्वमा रहेको गृह प्रशासन भदौ २३ र २४ गते शान्ति सुरक्षा कायम गर्न त असफल देखियो नै कारागारसमेत जोगाउन सकेन । जसका कारण १३ हजारभन्दा बढी कैदीबन्दी एकैसाथ भाग्न सफल भए । कैदीबन्दी बाहिर आउँदा डरलाग्दा घटना भए । काठमाडौं जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी छवि रिजाल यही घटनाका कारण सार्वजनिक भएका छैनन् ।

यता गृह हाँकिरहेका सचिव गोकर्णमणि दवाडीलाई पनि सरकारले केही गरेको छैन । यस्तो अवस्थामा सरकारमा रहेका राजनीतिक नेताहरू 'कमब्याक' हुने क्रममा छन् भने प्रहरीलाई पनि मनोबल घटेको भन्दै एकप्रकारको सहानूभूति समाजले बाँड्न खोजेको देखिन्छ । तर भदौ २३ र २४ गते भएको दमन र विध्वंस बिर्सन नसक्ने घटना हो । यो घटनामा राजनीतिक नेतृत्व जति दोषी छन् प्रशासन सम्हालेर बसेकाहरू उत्तिकै दोषी छन् । सरकारले पनि ढिला गरेर उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको छ । उक्त आयोगका पदाधिकारीले पत्र पाएका छैनन् । यो आयोगलाई तीन महिनाको समय दिएर सरकारले जेन-जीको बलिदानसँग खेलवाड गरिरहेको देखिन्छ ।

नभए आन्दोलनमा भएका दमनकारीलाई चाँडोभन्दा चाँडो कानुनी प्रक्रियामा ल्याएर विद्रोहलाई सम्बोधन गर्नुपर्ने हो । यसैगरी भदौ २४ गते भएको विध्वंसको विषयमा पनि सरकार गम्भीर हुनुपर्ने हो । तर सुशीला कार्की नेतृत्वको सरकारले गठन गरेको आयोग हेर्दा यो विषयमा खासै गम्भीर भएको देखिन्न । यो सामान्य घटना हैन । यस्तो विषयमा आलटाल नगरी अविलम्ब छानबिन होस् । तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, तीनवटै सुरक्षा निकायका जिम्मेवार अधिकारीहरू सबैलाई कारबाहीको दायरामा ल्याइयोस् । युगको मागलाई बेवास्ता गरी दण्डहीनता कायम राखेमा यो सरकारलाई पनि जनताले छिट्टै रसतालमा झर्ने छन् ।

# निजामती सेवाको राष्ट्रप्रतिको जवाफदेहिता



■ नेत्र सुवेदी 'प्रयास'

खासगरी बेलायत, भारत र नेपालको सार्वजनिक सेवालाई निजामती सेवा अर्थात् सिभिल सर्भिस भनेर चिनिन्छ । सबै देशमा कुनै न कुनै नाममा सार्वजनिक सेवा त हुन्छ नै । कर्मचारीतन्त्र अर्थात् अड्डातन्त्र भनेर चिनिने सरकारको स्थायी संरचना जसले सेवा प्रवाहको अलावा राजनीतिक पदाधिकारीहरूले अघि सारेको 'भिजन'लाई नीति तथा कार्यक्रम कार्यान्वयन गर्दछ, त्यसको मियो नै निजामती सेवा हो ।

सार्वजनिक सेवा भित्रको जंगी र प्रहरीबाहेकको सेवा निजामती सेवा हो । नेपालको सन्दर्भमा भन्नुपर्दा सुरक्षा निकाय र सरकारी संस्थानमा रहेका जनशक्तिबाहेक अन्यलाई निजामती भनेर चिनिन्छ । खासगरी संघीयता कार्यान्वयन गर्न जारी भएको वर्तमान संविधानको मर्मबमोजिम संघीय निजामती सेवा ऐन जारी हुने क्रममा छ भने २०१३ भदौ २२ मा जारी भएको निजामती सेवासम्बन्धी पहिलो कानुन जारी भएको सम्झनामा प्रत्येक भदौ २२ का दिन निजामती सेवा दिवस मनाउँदै आइएको छ । मुलुकमा राजनीतिक पदाधिकारीको रिक्तता भएका बखत होस् वा विपद् वा महामारी भएका बखतसमेत निजामती सेवा नै सरकारको उपस्थिति र राज्यप्रदत्त सेवा प्रदायकका रूपमा क्रियाशील रही आएको छ । दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लक्ष्य रहेको संविधान र अन्य विभिन्न विषयगत ऐन, नियम र कार्यविधिले सेवालाई दिशानिर्देश गरेको अवस्था छ ।

### राष्ट्रप्रतिको जिम्मेवारी

नागरिक सेवाको गुणस्तर र प्रभावकारिताले नै सरकार वा अझ राजनीतिक प्रणाली नै सफल वा असफल भनेर चिनिने हुन्छ । नागरिकका दैनन्दिनका समस्या समाधान गर्दै विकास र समुन्नतिको वातावरण तयार गर्ने दिशामा सरकारले काम गरिरहेको छ भन्ने जनविश्वास कायम गर्न निजामती सेवकको भूमिकाले विशेष अर्थ राख्दछ । योग्यताका आधारमा सेवामा प्रवेश गर्ने र कार्य प्रक्रियामा तटस्थताको अवलम्बन गर्ने भएको हुँदा राजनीतिक विचारधाराले विभाजित समाजमा भरोसा दिने र वस्तुगत आधारमा समस्याको सम्बोधन गर्ने पात्रको रूपमा कर्मचारीहरू देखा पर्दछन् ।

अहिलेको विश्वमा सेवाको ढाँचा र माध्यममा परिवर्तन भइरहेको छ भने सेवा प्राप्त गर्नेहरूकोसमेत अपेक्षा फेरिएका छन् । वातावरणमैत्री, विविधतामैत्री र सूचना प्रविधिमैत्री निजामती सेवाको माध्यमबाट राज्यप्रदत्त सेवालाई भरपर्दो र विश्वासिलो बनाउने चुनौती नेपाली निजामती संगठनलाई छ । निजामती सेवाका सेवकले राजनीतिक अभिभावकहरूसँग राखेका अपेक्षा भनेको कानुनबमोजिम सम्पादन भएका कामहरूमा हौसला मिलोस् र अनावश्यक दबाब वा फरक व्यवहार नगरियोस् भन्ने रहन्छ भने सरकार/राजनीतिक अभिभावकले निजामती सेवकबाट राखेका अपेक्षा भनेको यथासम्भव छोटो समयमा नागरिकका माग सम्वोधन गर्दै अनुशासित रहोस् भन्ने हुन्छ । सर्वसाधारण नागरिकले निजामती सेवकबाट राखेका अपेक्षा भनेको सुगम वा दुर्गम नभनी र कुनै पनि बहानामा सेवा अवरुद्ध नभई मनैदेखि सेवा वितरण भए हुन्थ्यो भन्ने हुन्छ ।

प्रशासनको उपस्थिति र क्रियाशीलताको भूमिकामा कर्मचारीहरूको अपरिहार्यता कायमै छ । निर्वाचनबाट चुनिएर शक्तिको अभ्यास गर्ने तथा विचाराधाराअनुसारका जनपक्षीय कार्य गर्न राजनीतिक अभिभावकसँगै रहेर नीति तथा कार्यक्रम मस्यौदा तयारी र कार्यान्वयनमा महसुस हुनेगरी भूमिका खेल्ने र देशका विभिन्न स्थानमा पुगी नेपाली समाजको पिर व्यथामा सहभागी हुने अवसर निजामती सेवकले प्राप्त गरेकै छ । रुचि र क्षमताअनुसार देश वा विदेशमा उच्च शिक्षा हासिल गर्ने अवसरसमेत प्राप्त हुन्छ । सन्ततिलाई उच्च शिक्षामा छात्रवृत्ति तथा परिवारका सदस्य सबैलाई निजामती कर्मचारी अस्पतालमा छुटसहित सेवा पाउने व्यवस्था पनि छ । राज्यको क्षमताअनुसार तलब भत्तामा पनि बढोत्तरी हुँदै गएको छ । निराश हुनुपर्ने र विदेश पलायन हुनुपर्ने अवस्था छैन ।

### निजामती सेवाको शाख वृद्धि कसरी ?

निजामती सेवालाई साँच्चिकैको नागरिकको साथी तथा आशा भरोसाको केन्द्र बनाउनका लागि प्रारम्भ भएका कार्यहरूमा थप प्रभावकारी बनाउन जरुरी छ । यसका लागि सूचना प्रविधिले सिर्जना गरेका अवसरको उपयोग गर्दै नागरिकलाई सकेसम्म अनलाइन सेवा प्रदान गर्ने, कार्यालयका कामलाई प्रभावकारीरूपमा सञ्चालन गर्नका लागि कार्यटोलीको प्रयोग गर्ने, परिवेशअनुसार परिवर्तन व्यवस्थापनका लागि मत तयार गर्ने र पैरवी गर्ने, सेवाको विशिष्टीकरणसँगै सेवा प्रदायकमा व्यावसायिकता विकास गर्ने तथा सम्भव भएसम्म एकीकृत सेवा प्रवाहको मोडलमा सञ्चालन गर्ने उपायहरू विकल्पको रूपमा अपनाउन सकिन्छ । यसका साथै कार्यसम्पादन व्यवस्थापनलाई जोड दिने तथा विकासका पात्रहरूबीच सहव्यवस्थापन र सहउत्पादनको ढाँचासमेत प्रयोगमा ल्याउन कानुन तथा कार्यविधिमासमेत परिवर्तन गर्नुपर्ने देखिन्छ । यो रूपमा आफूलाई उभ्याउनका लागि निजामती सेवाले सूचनाको प्रवाह र सुरक्षित भण्डारण गरी सेवालाई अझ परिस्कृत गर्न सकिन्छ । साथै, जिम्मेवारी पन्छाउने, भ्रष्टाचार अदक्षता र ढिलासुस्ती, परिवर्तनलाई आत्मसात् गर्नमा ढिलाइजस्ता प्रवृत्तिलाई हटाउन जरुरी छ ।

अहिलेका कर्मचारी भनेको कार्यपद्धतिका हिसाबले विश्वसनीय, व्यावसायिकरूपमा दक्ष, नैतिकताको दृष्टिले दृढ र कार्यपरिणाम तथा व्यवहारबाटै जनविश्वास जित्न सफल हुनुपर्दछ । त्यस्तै सार्वजनिक जीवनसम्बन्धी मापदण्ड निर्धारणका लागि बेलायतमा नोलान कमिटीले दिएका सातवटा सिद्धान्तहरूको पटक-पटक प्रसंग आउने गर्दछ, ती सातवटा मान्यताहरूका रूपमा स्वार्थहिनता, नैतिकता, वस्तुगतता, जवाफदेहिता, खुलापन, इमान्दारिता र उदाहरणीय नेतृत्वलाई अघि सारिएबाट एकआपसमा अन्तरसम्बन्धित यी सातवटा मान्यताहरू अवलम्बन हुनुपर्ने हुन्छ । सरल भाषामा भन्नुपर्दा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारीहरू आफ्नो कामका लागि जवाफदेही हुनु आवश्यक छ । व्यक्ति, समूह वा संस्थालाई सुम्पिएको जिम्मेवारीअनुरूप काम सम्पन्न भए नभएको सम्बन्धमा प्रतिवेदन, स्पष्टीकरण वा उत्तर दिनुपर्ने दायित्व नै सार्वजनिक जवाफदेहिता हो ।

खासगरी संगठनमा कार्यरत व्यक्तिले आफ्नो कर्तव्यको पालना कसरी गरेका छन्, संगठनको घोषित 'भिजन', उद्देश्य, सिद्धान्त र कानुनी सीमाबाट उनीहरूलाई पन्छिन नदिन के कस्तो संयन्त्र वा विधि निर्माण गरिएको छ, सो कुरा राज्य व्यवस्था सञ्चालनमा महत्त्वपूर्ण हुन्छ । जवाफदेहिताको अवस्था राम्रो हुनका लागि सेवा सञ्चालक र कर्मचारी स्वयं दुवै जिम्मेवार हुनुपर्दछ । हामी आफ्नो काममा जवाफदेही हुँदा नै हामी बलियो हुन्छौं । मानिस स्वभावैले जवाफदेही नरहन वा किन काम भएन भनेर तर्क दिन र उम्कन दिग्गज हुने गर्दछ, जुन उसैका लागि हितकारी छैन । लोकतान्त्रिक सरकारमा उत्तरदायित्वको रेखा सरल र स्पष्ट हुने हुँदा निर्वाचनका बखत गरेका वाचाअनुरूप प्रतिनिधि र सरकार प्रमुखको छनोट जनताले गर्ने, सरकारले तिनै वाचाअनुरूप नीति र कार्यक्रम बनाउने, कर्मचारी संयन्त्रले त्यसको कार्यान्वयन गर्ने विधि तय भएको हुन्छ । आ-आफ्नो जिम्मेवारी यथासमयमा पूरा गर्नु नै जवाफदेहिताको सही थालनी हो भन्न सकिन्छ । त्यसैले जवाफदेही हुनु भनेको अरु केही नभएर भएका निर्णय, गरेका काम र तोकेको परियोजनाका सम्वन्धमा जिम्मेवार हुनु हो ।

जवाफदेहीताको सवभन्दा महत्त्वपूर्ण नतिजा भनेकै विश्वास हो । जब जवाफदेहिता बढेर जान्छ तब कामभन्दा बाहिरको विचलन रहँदैन अनि कामकै उत्पादकत्व बढेर जान्छ । जवाफदेहिताले स्वामित्व भावसमेत बढाउँछ । जवाफदेहिता प्रवर्द्धन गर्नका लागि प्रेरित गरिन्छ न कि दबाब वा नियन्त्रण । विश्वसनीयता बढाउने अर्थात् बोली र कर्मबीचको खाडल कम गर्नका लागि लक्ष्य एवं प्रस्ट मापदण्ड तयार गरी सबैलाई सञ्चार गर्ने अपेक्षाहरू तय गर्न दिने र प्रश्न सोध्नेजस्ता रणनीति अपनाउन सकिन्छ । व्यक्तिको व्यवहारले पनि जवाफदेही रहने वातावरणमा अन्तर आउन सक्छ । कुनै कामको परिणाम नराम्रो आउँदा अरुलाई दोष दिनुभन्दा क्षमाशील बन्न र सुधारका उपायहरू अवलम्बन गर्न सक्नु पर्दछ ।

सार्वजनिक निकायमा कार्यरत जनशक्तिले सेवाको शपथ लिंदा कानुन पालना गर्ने र इमान्दारितापूर्वक जिम्मेवारी पूरा गर्ने शपथ खाएको हुन्छ । सार्वजनिक कोषबाट चल्ने संगठन भएको हुँदा के गर्न हुन्छ के गर्न हुँदैन भनेर सोचेर विचारेर मात्र अभिव्यक्ति दिने र आफूलाई निर्धारित कार्य गर्नुपर्ने हुन्छ । गलत आचरण अवलम्बन हुँदा भने कारबाही गर्ने विषय सेवासम्बन्धी कानुनमा पनि उल्लेख हुन्छ । गैरकानुनी र अनुशासनहीन काम गरेको अवस्थामा कारबाही गर्ने निकायहरू पनि छन् ।

> जवाफदेहीताको सवभन्दा महत्त्वपूर्ण नतिजा भनेकै विश्वास हो । जब जवाफदेहिता बढेर जान्छ तब कामभन्दा बाहिरको विचलन रहँदैन अनि कामकै उत्पादकत्व बढेर जान्छ । जवाफदेहिताले स्वामित्व भावसमेत बढाउँछ । जवाफदेहिता प्रवर्द्धन गर्नका लागि प्रेरित गरिन्छ न कि दबाब वा नियन्त्रण । विश्वसनीयता बढाउने अर्थात् बोली र कर्मबीचको खाडल कम गर्नका लागि लक्ष्य एवं प्रस्ट मापदण्ड तयार गरी सबैलाई सञ्चार गर्ने अपेक्षाहरु तय गर्न दिने र प्रश्न सोध्नेजस्ता रणनीति अपनाउन सकिन्छ । व्यक्तिको व्यवहारले पनि जवाफदेही रहने वातावरणमा अन्तर आउन सक्छ ।

### सार्वजनिक सेवाको मूल्य प्रवर्द्धनमा निजामती सेवा

बेलायतमा सार्वजनिक सेवाका मूल्यका रूपमा पवित्रता, स्वयं उत्साह, सत्यांकन, प्रमाणमा आधारित, अवसरप्रति सचेत, जोखिमप्रति सावधान र सेवाप्रति निष्ठावान रहने विषयलाई समेटिएको छ । सेवाको मूल्य प्रवर्द्धनलाई नै निजामती सेवाको आविष्कारको माध्यमका रूपमा लिइएको छ, जसबाट हामीले पनि सिक्न र अवलम्बन गर्न सक्छौं ।

त्यस्तै सुशासनका सूचकमा अब्बल उत्रने क्षमता भएको न्युजिल्याण्डको सार्वजनिक सेवामा निष्पक्ष रहनु, जवाफदेही हुनु, विश्वासिलो बन्नु, आदर भाव राख्नु र जिम्मेवारी लिनुलाई मूल्यका रूपमा अंगीकार गरिएको छ । त्यस्तै प्रशासन सुधारमा अगुवा मानिने मुलुक क्यानडाले पनि चारवटा मूल्यहरू पहिलो, लोकतान्त्रिक मूल्य (सार्वजनिक हित गर्न मन्त्रीलाई सहयोग गर्ने प्रतिबद्धता), दोस्रो व्यावसायिक मूल्य (नागरिकलाई कार्यकुशल, निष्पक्ष, उत्कृष्ट र वस्तुपरक ढंगले सेवा दिने प्रतिबद्धता), तेस्रो, नैतिक मूल्य (नागरिकको भावना जित्नेगरी सधैं निष्ठामा रहेर काम गर्ने प्रतिबद्धता) र चौथो, जनताको मूल्य (सेवाग्राहीमा विनम्र, शिष्ट, आदरपूर्वक र निष्पक्ष व्यावहार गर्ने प्रतिबद्धता) लाई अवलम्बन गरेको छ ।

सार्वजनिक सेवा सञ्चालनका आफ्नै लिखित वा अलिखित (प्रचलन) मूल्य मान्यताहरू हुन्छन् । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को प्रस्तावनामा मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनजस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सिर्जना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रूपमा रूपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने विषय समेटिएको छ । यसरी हेर्दा सार्वजनिक सेवाका आधारभूत मूल्यका रूपमा खासगरी सत्य, निष्ठा, निष्पक्षता, वस्तुपरकता, समानुभूति, इमान्दारिता, नेतृत्व विकास, पारदर्शिता, खुलापन, पेसागत सेवा, जिम्मेवारीपन, तटस्थता, स्वार्थरहितता, सार्वजनिक विश्वास, आचारसंहिता, सञ्चार, जवाफदेहिता, सार्वजनिक सेवाप्रतिको समर्पण भाव, कानुनी शासनको सम्मानजस्ता विषयहरू समेटिने देखिन्छ ।

### निष्कर्ष

निजामती सेवा सार्वजनिक सेवा हो । निजामती सेवक बन्नु भनेको राष्ट्रसेवाका लागि अवसर हो । निजामती सेवा देशमा रहने अन्य सबै सेवाका लागिसमेत मार्गनिर्देशक सेवा बन्न सक्नु पर्दछ । सार्वजनिक सेवा समयअनुसार सुधार पनि गर्दै जानुपर्ने क्षेत्र हो । सेवा सञ्चालनमा यदि भनाइ र गराइबीच ग्याप भयो भने विश्वसनीयता कमजोर हुँदै जान्छ । तसर्थ, कानुन वा अन्य कुनै माध्यमबाट घोषणा भएका सेवाका मूल्यहरूको परिपालना गर्न र मूल्यलाई सम्मान गरी कार्य जिम्मेवारीमा अग्रसर हुने जनशक्ति भर्ना गर्न र उसको वृत्ति अवधिभरि क्षमता विकास, परीक्षण र परामर्शको वातावरण दिन सकेमा मात्र सार्वजनिक सेवा भरोसायोग्य बन्ने हुन्छ । तीव्ररूपमा परिवर्तन भइरहेको समाज र नागरिकको अपेक्षासँग तादात्म्यता कायम गर्दै नवीन र सिर्जनशील ढंगले काम गर्ने निजामती सेवा अहिलेको माग हो । यसो भयो भनेमात्र निजामती सेवाको शाख बढेर जान्छ । *रासस*

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

#### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

## पाठक मञ्च

### चाडपर्वमा यातायात व्यवसायीको मनोमानी, सरकार मुकदर्शक !

सार्वजनिक यातायात सबैको साझा यातायात हो । आफ्नो निजी सवारीसाधन नभएकाहरू सार्वजनिक यातायात चढ्छन् । देशभर दैनिक करोडौं यात्रु सार्वजनिक यातायातको प्रयोग गर्छन् । काठमाडौं उपत्यकामामात्रै दैनिक ६० लाख यात्रुले सार्वजनिक यातायातमार्फत ओहोरदोहोर गर्छन् ।

कार्यालय आवतजावत, किनमेल, अस्पताललगायत आफ्नो गन्तव्यसम्म पुग्न यात्रु सार्वजनिक यातायात चढ्छन् । सरकारले उपत्यकाभित्र चल्ने सार्वजनिक यातायातको भाडा एक किलोमिटरबाट पाँच किलोमिटरसम्म १९ रूपैयाँ तोकेको छ । तर, आधा किलोमिटरमै २५ रूपैयाँ असुलिन्छ ।

सरकारले भागबण्डा गरिदिने हो भने आधा किलोमिटर यात्रा गर्ने यात्रुले दुई रूपैयाँ तिरे पुग्नुपर्ने हो । लामो रुटमा चल्ने सवारी साधनले ठगीधन्दा मच्चाएको छ । सरकारले ५०० रूपैयाँ तोकेकोमा ७०० रूपैयाँ असुल्छन् । सुपर डिलक्स र डिलक्सको नाममा त्यही ७०० रूपैयाँमा थप ४० प्रतिशत बढी उठाउँछन् ।

सोमबार जडीबुटीस्थित बसपार्कमा उभिएका यात्रुहरू भन्दै थिए, 'पहिले ओखलढुंगा गएको १३ सय रूपैयाँ तिर्नुपर्थ्यो, अहिले त २२ सय पुऱ्याएछन् ।' कोटेश्वरबाट विभिन्न जिल्लामा जाने विद्युतीय माइक्रोबस, टाटासुमोको परमिट छैन । तिनीहरू पटकेको भरमा सञ्चालन भइरहेको अवस्था छ । सवारीसाधनको ब्लुबुक, परमिट र कर किताब हुन्छ । यातायात कार्यालयले दिने कागजात यति नै हुन् । परमिट नै नभएको सवारीसाधनबाट एकदेखि दुई हजार रूपैयाँ घुस खाएर सल्लाघारीस्थित यातायात कार्यालयले पटके काटिरहेको छ । ब्लुबुकको आधारमा पटके काट्न मिल्छ ?

परमिट नहुँदा राज्यको ढुकुटीमा राजस्व आउँदैन । तैपनि, यातायात कार्यालयबाट त्यस्तो गैरकानुनी काम भइरहेको छ । यता, बिमा नभएको सवारीसाधनबाट पनि घुस खाएर ब्लुबुक नवीकरण गरिदिने क्रम जारी छ । कानुनमा उल्लेख भएअनुसार ब्लुबुक नवीकरण गर्न अनिवार्य गाडी र यात्रुको बिमा गरेको हुनुपर्दछ । तर, एक-दुई हजार रूपैयाँ घुस खाएर नवीकरण गर्ने काम भइरहेको छ ।


बल्खु, कलंकी, नयाँ बसपार्क, बालाजु र बाइसधाराबाट चल्ने जम्बो हायस, माइक्रोबस र टाटासुमो सुपर डिलक्स र डिलक्सको मापदण्डभित्र पर्दैन । किनकि, ती गाडी पछाडिबाट एक चक्केमात्रै छन् । १३ सिट अनुमति पाएकोमा ३० जनासम्म खाँदिन्छ । मुढा राखेर, नक्कली सिट हालेर र उभ्याएर तोकिएकोभन्दा दोब्बर यात्रु हालिन्छ ।

बसहरूले २४ सिट पाएकोमा ७० जनासम्म खाँद्छन् । यातायात व्यवसायीले दैनिक १८ करोड रूपैयाँ ठग्छन्, सरकारले तोकेको भन्दा बढी भाडा यात्रुबाट असुलेर । ज्येष्ठ नागरिक, विद्यार्थी र अपांगता भएकालाई भाडा छुट दिइँदैन । जबकि, कानुनले नै उनीहरूले भाडा छुट पाउने व्यवस्था गरेको छ ।

झोला र लगेजको मनलाग्दी भाडा असुलिन्छ । ७४ जिल्लाका सर्वसाधारण रोजगारी, शिक्षा, स्वास्थ्यलगायतका कारणले उपत्यकामा आएर बसेका छन् । दसैं मान्नका लागि हरेक वर्ष २५ देखि २६ लाखले उपत्यका छोड्छन् । यो वर्ष यातायात व्यवसायीले अग्रिम टिकट खुलाएनन् । सरकारले असोज ६ देखि असोज २२ गतेसम्म रुट परमिट खुला गरेको छ । अब उपत्यकाभित्र चल्ने सवारीसाधन पनि यात्रु बोकेर उपत्यकाबाहिर जान्छन् । रिजर्भ गर्दै, यात्रु बोक्दै गर्छन् । दैनिक १५ हजार कमाउनेमा दसैंमा उनीहरूले एकैदिनमा ५० हजारसम्म कमाउँछन् ।

यही मौका छोपेर टयाक्सीको ठगीधन्दा मौलाउँछ । वर्षभरको कमाइ यातायात व्यवसायीले चाडपर्वमै उठाउँछन् । पैसा हुने त जति भए पनि तिरेर टयाक्सी चढ्लान् । पैसा नहुनेको हकमा के ? उनीहरू पनि अस्पताल जानुपर्ला, काममा जानुपर्ला । सरकारले दसैंभर निजामती कर्मचारी, सेना, सशस्त्र, प्रहरीको सवारी साधन चलाइदिने हो भने आर्थिक अवस्था कमजोर भएकालाई राहत हुने थियो ।

- **अनुसा थापा**, भक्तपुर



**मितेरी पुल पुनर्निर्माण** | गत असार २४ गते रसुवा जिल्लाको नेपाल–चीन सिमानास्थित ल्हेन्दे खोलामा आएको बाढीले क्षति पुऱ्याएको नेपाल–चीन जोड्ने मितेरी पुल पुनर्निर्माण गरिँदै । *तस्बिरः ज्ञानेन्द्र न्यौपाने/रासस*

# दैलेख अस्पतालमा बिरामीको चाप बढ्दा समस्या



**दैलेख–** जिल्ला अस्पताल दैलेखमा बिरामीलाई भुइँमै राखेर उपचार गर्न थालिएको छ । शयया (बेड) अभावले बिरामीलाई यसरी उपचार गर्नुपर्ने बाध्यता छ ।

बिरामीको बढ्दो चापलाई ख्याल गर्दै जीर्ण संरचनामा अस्पतालले विगत केही वर्षयता ६५ शयया सञ्चालनमा ल्याएको छ । तर दैनिक १५० भन्दा बढी बिरामी उपचार गर्न आउन थालेपछि समस्या भएको जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख मनोज विश्वकर्माले बताए ।

'संरचना अभावमा बेड राख्ने ठाउँ छैन, बिरामीलाई भुइँमा म्याट र कुर्ची राखेर उपचार गर्नुपर्ने बाध्यता छ,' उनले भने । नयाँ भवन निर्माण गर्न थालेको चार वर्ष भए पनि सम्पन्न हुन सकेको छैन । कर्णाली प्रदेश सरकारको १८ करोड २४ लाख रूपैयाँको लागतमा उक्त भवन बन्दै छ । भवन तीन वर्षभित्र निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता रहेको प्रमुख विश्वकर्माले बताए ।

अस्पताल भवन निर्माणको सम्पूर्ण प्राविधिक पक्ष हेर्दै आएको सघन सहरी तथा भवन निर्माण आयोजना जुम्ला र निर्माणमा संलग्न क्याराभान सुपरस्टार जेभी निर्माण कम्पनीको लापरवाहीले भवन समयमै नबनेको आरोप छ । निर्माणमा संलग्न कम्पनीका सञ्चालक तारा शाहले विभिन्न कानुनी अल्झन तथा रुख कटानको समस्याले समयमै भवन निर्माण कार्यले गति लिन नसकेको बताए । जिल्ला अस्पताल विकास समितिका अध्यक्ष क्षेत्रप्रताप सुवेदीले गत वर्ष जेठभित्र भवन निर्माण गरिसक्नुपर्ने सम्झौता रहेको बताए । उनले भवन निर्माण गर्न पटक-पटक म्याद थप गर्न नसकिने प्रस्ट पारे । रासस

# 'बर्थिङ सेन्टर' पुग्न दुई घण्टाको पैदल हिँड्नुपर्ने बाध्यता

**दोधारा चाँदनी (कञ्चनपुर)–** कञ्चनपुरको भीमदत्त नगरपालिका-९ खल्ला मसेट्टी क्षेत्रका गर्भवती नजिकमा प्रसूति सेवासहितको स्वास्थ्य संस्था नहुँदा घरमा नै सुत्केरी हुन बाध्य छन् ।

बस्तीबाट आठ किलोमिटर टाढा ब्रह्मदेवमा 'बर्थिङ सेन्टर' रहेको भए पनि जोखिमपूर्ण कच्ची बाटो पार गरेर जानुपर्ने भएकाले सेवा पाउन मुस्किल पर्छ । बर्थिङ सेन्टर पुग्न दुई घण्टाको पैदल जानुपर्ने भएकाले घरमै सुत्केरी हुनुको विकल्प नरहेको यहाँका स्थानीय बताउँछन् । गर्भवतीलाई नियमित चेकजाँच गराउने र अनिवार्य सुत्केरी स्वास्थ्य संस्थामा नै गराउनुपर्ने सरकारी मान्यता भए पनि यहाँ लागू हुन सकेको छैन । यहाँ यातायातको सहज पहुँच नहुँदा गर्भवतीलाई 'स्ट्रेचर'मा बोकेर स्वास्थ्य संस्थामा पुगाउनुपर्ने बाध्यता छ ।

कतिपय गर्भवती बाटोमा नै सुत्केरी भएर फर्काउन बाध्य भएको यहाँकी स्वास्थ्य स्वयंसेविका विमला बमले जानकारी दिइन् । 'कहिलेकाहीँ नवजात शिशुहरू बाटोमा नै जन्मिएका छन्, बाध्यता छ के गर्नु गाउँमा बर्थिङ सेन्टर छैन,' उनले भनिन्, 'बर्थिङ सेन्टर पुग्न दुई घण्टा पैदल जार्नुपर्छ यातायातको सुविधा छैन ।'



सरकारले घरमा सुत्केरी हुने दर शून्यमा अभियान चलाएको छ । नियमित चारपटक गर्भजाँच गर्नुपर्ने र त्योबापत ७०० रूपैयाँसमेत दिने व्यवस्था गरेको छ । सुत्केरी स्वास्थ्य संस्थामा गराएबापत तीन हजार रूपैयाँ यातायात खर्चस्वरूप पाउने प्रावधान पनि छ । तर यहाँका गर्भवतीहरू स्वास्थ्य संस्थामा सुत्केरी हुन नै पाएका छैनन् ।

'कच्ची सडक छ हिउँदमा त एम्बुलेन्स आउँछ जसोतसो स्वास्थ्य संस्थामा पुगिन्छ,' यहाँकी स्थानीय रेखा विकले भनिन्, 'नियमित चेकजाँचका पनि हामीले दुई घण्टा पैदल जानुपर्छ ।'

उक्त बस्तीमा गाउँघर क्लिनिक स्थापना गरिएको छ । उक्त क्लिनिकमा एक जना अनमी, अहेब र एक जना कार्यालय सहयोगी छन् । क्लिनिकमा कार्यरत अनमी ममता महता सुत्केरी बिदामा गएपछि पुनः हाजिर भएकी छैनन् । उनले काज मिलाएर अन्तै गएपछि यहाँका बालबालिकालाई खोप र भिटामिन खुवाउनसमेत समस्या भएको छ । अहिले खोप र भिटामिनका लागि ब्रह्मदेव स्वास्थ्य केन्द्रबाट महिनामा एक पटक अनमी आएर सेवा दिने गरेको गाउँघर क्लिनिकमा अहेब नारायण बोहराले जानकारी दिए ।

'यहाँ बाटोको समस्या छ, सुत्केरी हुन स्ट्रेचरमा बोकेर पाँच किलोमिटर टाढा लग्नुपर्ने बाध्यता छ,' बोहराले भने, 'यहाँ त खानेपानीको सुविधासमेत छैन म घरबाट पानी बोकेर आउँछु ।' उनका अनुसार उक्त क्लिनिकमा कार्यरत अनमी सुत्केरी बिदामा गएको डेढ वर्ष भइसकेको छ । उनको स्थानमा अर्को कर्मचारी नखटाउँदा बालबालिको खोप र गर्भवती जाँचमा निकै समस्या हुने गरेको छ ।

'ब्रह्मदेव स्वास्थ्य केन्द्रबाट दुई घण्टा पैदल आएर यहाँ खोप सेवा दिनुपरेको छ, पालिकाले अर्को कर्मचारी खटाएको छैन,' उनले भने, 'पालिकामा धेरै पटक आग्रह गरेका छौं अब पठाउनुहुन्छ होला ।' उनका अनुसार दैनिक २५/३० जना सेवाग्राही आउने गरेका छन् । यहाँका स्थानीयले घर नजिकै बर्थिङ सेन्टर स्थापना गरेर सुरक्षित रूपमा स्वास्थ्य संस्थामा सुत्केरी हुन पाउने अधिकार सुनिश्चित गर्न माग गरेका छन् ।

सुगम जिल्ला भनेर चिनिने कञ्चनपुरभित्रै रहेको यो बस्तीमा विकासका आधारभूत सुविधाबाट वञ्चित छ । यहाँसम्म पुग्ने पक्की बाटो छैन, स्वास्थ्य, शिक्षा, विद्युत् र खानेपानीजस्ता आधारभूत सेवा पाउनसमेत मुस्किल पर्ने यहाँको जनजीवन कष्टकर छ । सदरमुकामदेखि २० किलोमिटर उत्तरतर्फ अवस्थित यस बस्ती जोखिमपूर्ण कच्ची बाटो पार गरेर मात्र पुग्न सकिन्छ । *रासस*

# चाडपर्वमा वन सुरक्षा गर्न द्रुत प्रतिकार्य टोली परिचालन

**कञ्चनपुर (प्रस)–** चाडपर्वका अवसरमा वन क्षेत्रमा बढ्ने अवाञ्छित गतिविधि नियन्त्रण गर्न कञ्चनपुरको कुण्डा सवडिभिजन वन कार्यालयअन्तर्गत द्रुत प्रतिकार्य टोली (क्विक रिस्पोन्स टिम) गठन गरी परिचालन गरिएको छ ।

वन कार्यालयका प्रमुख दिनेशकुमार यादवका अनुसार टोली गठनको मुख्य उद्देश्य वन्यजन्तुको उद्धार, वन्यजन्तुको अवैध चोरी सिकार नियन्त्रण, वन क्षेत्रको नियमित गस्ती, वन पैदावार चोरी निकासी रोकथाम र वन संरक्षणलाई प्रभावकारी बनाउनु रहेको छ । चाडपर्वका बेला सामुदायिक वनका उपभोक्ता चाडपर्व मनाउने कार्यमा व्यस्त हुने भएकाले वन क्षेत्रमा चोरी तस्करी र सिकारीजस्ता गतिविधि बढ्ने सम्भावना उच्च हुने भएकाले प्रतिकार्य टोली गठन गरी परिचालन गरिएको कार्यालय प्रमुख यादवले बताए ।

टोलीमा आठवटै सामुदायिक वनका पदाधिकारी तथा वन कार्यालयका कर्मचारी गरी १५ सदस्य सहभागी छन् । टोलीले दसैं, तिहार, छठलगायत पर्वमा चौबिसै घण्टा सक्रियरूपमा वन क्षेत्रमा गस्तीको कार्यलाई निरन्तरता दिने छन् । 'सामुदायिक वनका पदाधिकारी, कर्मचारी र सुरक्षाकर्मीबीच घनिष्ठ सहकार्य गरेर यसपालिको चाडपर्वमा वन क्षेत्र सुरक्षित गर्ने लक्ष्य राखिएको छ,' यादवले भने, 'बेलौरी र पुनर्वास नगरपालिका क्षेत्रका आठ सामुदायिक वनमा टोली परिचालन गरिएको छ ।'

वन्यजन्तुको उद्धार, वन पैदावार र वन्यजन्तुको चोरी सिकार रोकथामका लागि जानकारी दिनका लागि कार्यालयको मोबाइल नं २४ घण्टा खुला राखिने व्यवस्था मिलाइएको उनले बताए । 'प्राप्त सूचनाका आधारमा टोली तत्काल (रात, दिनमा चौबिसै घण्टा) घटनास्थलमा परिचालन हुने छ,' उनले भने, 'टोलीका सदस्यले स्थानीय प्रहरी र समुदायसँग समन्वय गर्ने छन् ।' यादवका अनुसार भारतसँगको सीमानजिक भएकाले बेलौरी र पुनर्वास क्षेत्र अझ संवेदनशील मानिन्छ । यस कारण सीमापारि हुने अवैध गतिविधि रोक्न पनि टोलीलाई सक्रिय बनाइएको उनको भनाइ रहेको छ ।

'दुवै नगरपालिकामा हिंस्रक जनावर चितुवा, पाटेबाघ बेलाबेलामा देखापर्ने गरेका छन्, ती जनावरले स्थानीय बासिन्दालाई आक्रमण गरी घाइते बनाउने, घरपालुवा जनावरमा क्षति पुऱ्याउने समस्या रहेको छ,' उनले भने, 'जंगली हात्तीको समस्या पनि उत्तिकै छ, मानव बस्तीमा अजिंगर पनि देखापर्ने गर्दछ । यी समस्या नियन्त्रण गर्न र घाइते जनावरको उद्धारमा सहयोग पुऱ्याउन टोलीले मद्दत पुऱ्याउने छ ।'

सामुदायिक वन उपभोक्ताहरूसँग बसेर छलफल गरी रणनीति बनाएर टोली औपचारिकरूपमा परिचालन गरिएको उनले जानकारी दिए ।


## साउदी/कुवेतमा रोजगार

कम्पनी : BUN PIE ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | LT. No. 331476 | चलानी नं. ६०२४५२१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 4 | 0 | 1500 | ५६,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NADER MISHAL AL-MUTAIRI FOUNDATION

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | LT. No. 331382 | चलानी नं. ६०२४५२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA COFFEE MAKER | 1 | 0 | 1500 | ५६,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FAN AL DIRA LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | LT. No. 331472 | चलानी नं. ६०२४५२१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 200 | ९२,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १५ गते (1st Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४

Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


# चाडपर्वमा निकुञ्जको सुरक्षामा कडाइ

**चितवन (प्रस)–** चाडपर्वको समयमा हुन सक्ने चोरी सिकारलाई मध्यनजर गर्दै चितवन राष्ट्रिय निकुञ्जको सुरक्षामा कडाइ गरिएको छ ।

कामका सिलसिलामा विदेश वा जिल्लाबाहिर रहेका व्यक्तिहरू आउने क्रम बढेसँगै निकुञ्ज सुरक्षामा चुनौती थपिने गर्दछ । यही समयमा तस्करीहरूले योजना बनाउन सक्ने भएकाले निकुञ्जको सुरक्षालाई आकलन गरी सुरक्षा व्यवस्था कडाइ गरिएको हो । निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार निकुञ्ज क्षेत्र भित्रका ३२ वटा सिसी क्यामेरा मर्मत गरी सञ्चालनमा ल्याइएको छ । उनले भने, 'चाडपर्वको समयमा हुन सक्ने सम्भावित चोरी सिकारलाई नियन्त्रण गर्न सुरक्षा व्यवस्था कडा पारिएको छ ।' चाडपर्व लक्षित सुरक्षाका लागि हात्ती, पैदल, छोटो तथा लामो दूरीको गस्ती गरिने छ ।

निकुञ्ज भित्रका ५७ वटा पोस्टहरूलाई सक्रिय बनाइएको उनले जानकारी दिए । उनले भने, 'चेकपोस्ट र निकुञ्ज क्षेत्रमा बसोबास गर्ने सबैलाई चनाखो रहन आग्रह गरिएको छ ।' वन्यजन्तु संरक्षणका लागि बनाईएका समुदाय स्तरका क्लबहरूलाई सचेतना जगाइएको उनले जानकारी दिए ।

९५२.६३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस निकुञ्जमा हरेक वर्ष चाडपर्वको समयमा तस्करहरू आउने गरेकाले यस वर्ष उच्च सतर्कता बढाइएको उनले बताए ।

# चितवनका छ जनामा औलो संक्रमण

**चितवन (प्रस)–** जिल्लाका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये छ जनामा औलो रोगको संक्रमण देखिएको छ । चालु आर्थिक वर्षको साउनयता उनीहरूमा यो रोगको संक्रमण देखिएको हो ।

जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार यो रोगको संक्रमण भेटिनेमा तीन जना भरतपुर महानगरपालिकाका छन् भने दुई जना खैरहनी नगरपालिकाका र एक जना राप्ती नगरपालिकाका छन् । संक्रमित ३४ देखि ४४ वर्ष उमेर समूहका रहेका कार्यालयका प्रमुख दिनेश रूपाखेतीले जानकारी दिए । उनका अनुसार विभिन्न देशमा र नेपालका विभिन्न जिल्लामा रोजगारीका सिलसिलामा गएर फर्किएकामा यो रोगको संक्रमण देखिएको हो ।

'भारतबाट आएका चार, दक्षिण कोरियाबाट फर्किएका एक र सुनसरीबाट फर्किएका एक जनामा औलो रोगको संक्रमण देखिएको हो,' प्रमुख रूपाखेतीले भने । जिल्लामा गत आर्थिक वर्षमा १० जनामा औलो रोगको संक्रमण देखिएको थियो । विगत चार वर्षदेखि जिल्लामा नै रहेका व्यक्तिमा यो रोगको संक्रमण नदेखिएको उनले बताए । औलो रोग पोथी लामखुट्टेले टोक्दा सर्ने गर्दछ ।


**Yangwarak Rural Municipality**

**Office of The Rural Municipal Executive**

**Tharpu, Panchthar**

**Invitation for Online Bids**

First Date of publication: **- 2082/06/08 (24th – Sep. 2025)**

1. **Yangwarak Rural Municipality, Tharpu, Panchthar** invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding with single stage two envelope procedure.

| S.N. | Description of Works | Contract Identification No. | Estimate Amount NRs (With VAT) | Bid Security (NRs) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Health Post Nagi with Birthing Center | YRM/NCB/ Works/No- 01-2082/83 | - | 6,10,000.00 | 5,000.00 | On or before 12:00 Noon, 2082/07/09 (26th Oct. 2025) | 13:00 on 2082/07/09 (26th Oct. 2025) | 120 Days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Yangwarak Rural Municipality, Tharpu, Panchthar, Facsimile no: 9849717613** or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

प्रभाव दैनिक




### 'हरिबहादुरको जुत्ता' सेन्सर पास

चलचित्र 'हरिबहादुरको जुत्ता' सेन्सर पास भएको छ। केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड) ले चलचित्रलाई युनिभर्सल सर्टिफिकेट दिँदै सेन्सर पास गरेको हो। अब यो चलचित्र सबैले उमेर समूहका दर्शकले हेर्न पाउनेछन्। दीपेन्द्र के खनालद्वारा निर्देशित चलचित्रमा हरिवंश आचार्य, स्वस्तिमा खड्का, प्रकाश सपुत, प्रियंका कार्की, हरिहर शर्मा, दिव्य देव, किरण केसी, राजाराम पौडेल, दिनेश काफ्ले, सिता न्यौपाने, कमलमणि नेपाल लगायतका कलाकारको अभिनय छ। चलचित्र दसैँको फूलपाती (असोज १३) गतेबाट प्रदर्शनमा आउँदै छ।





# विष्णु खत्रीले ल्याए दसैं गीत 'प्यारो गाउँघरमा'



■ प्रभाव संवाददाता

**गण्डकी–** लोकगायक विष्णु खत्रीले २०६४ सालयता बर्सेनि दसैंगीत सार्वजनिक गर्दै आएका छन्। यसपालिको दसैंमा उनले 'प्यारो गाउँघरमा' गीत पाठक/स्रोतामाझ ल्याएका छन्। यो खत्रीको अठारौं दसैंगीत हो। 'प्यारो गाउँघरमा'मा खत्री र देवी घर्तीमगरले स्वर दिएका छन्।

खत्रीको शब्द र सङ्गीत रहेको उक्त गीतको म्युजिक भिडियोमा कलाकार ओभी रायमाझी र सारिका केसीको अभिनय छ। खत्रीका अधिकांश दसैंगीतमा प्रवासी नेपालीका दुःख, वेदनालाई समेटिएको पाइन्छ। परदेशिएका नेपाली र तिनका आश्रित परिवारको कथामा दसैंगीत सृजना गर्दै आएको खत्री बताउँछन्। उनका गीतले चाडबाड आएको छनक दिन्छन्।

मार्मिक सृजना र ग्रामीण परिवेशको झझल्को खत्रीका गीतका विशेषता हुन्। गीतको म्युजिक भिडियो छायाँकनस्थलदेखि कलाकार छनोटसम्ममा त्यसको छनक पाइन्छ। गम्भीर मुद्दामा सरल र बोधगम्य प्रस्तुति दिन उनी पारंगत छन्। आफ्ना हरेक सृजनामा नेपाली जनजीवन र सामाजिक यथार्थको चित्रण गर्ने इमान्दार प्रयास गर्दै आएको खत्रीको भनाइ छ।

'दसैंगीत मेरो सांगीतिक जीवनको पर्यायजस्तै बनेको छ, विगत १८ वर्षदेखि यसलाई निरन्तरता दिएको छु', उनले भने।

दुई दशकभन्दा बढी समयदेखि लोकसङ्गीतमा सक्रिय खत्रीले दसैं, तिहार, तीजजस्ता पर्वका मौकामा मौलिक गीत सार्वजनिक गर्दै आएका छन्। अघिपछि पनि उनी समाजका विविध मुद्दालाई गीतमा उठान गरिरहन्छन्। गत वर्षको दसैंमा खत्रीले 'रित्तो भकारी' गीत ल्याएका थिए। त्यसअघि उनका 'दसैंतिहार गाउँमा', 'दसैंतिहारसँगै मनाउँला', 'रिनै रिनको', 'दसैंमा आउ प्यारा', 'जहाजको टिकट', 'कति रुनी हो'लगायत गीत सार्वजनिक भएका थिए। प्रायः सबै गीतमा शब्द र सङ्गीत पनि गायक खत्रीकै रहेको छ।

विसं २०६४ मा सार्वजनिक पहिलो दसैंगीत 'सुनको जलप'मा खत्रीलाई गायिका बिमाकुमारी दुराले साथ दिएकी थिइन्। पछिल्ला गीतमा उनले विभिन्न गायिकाहरूसँग सहकार्य गर्दै आएका छन्। अठार वर्षदेखि लगातार दसैंलक्षित गीत सार्वजनिक गरेका खत्री दसैंगीतका पर्यायका रूपमा चिनिन थालेका छन्। उनका गीतमा परदेशिएका नेपालीको भोगाइ र उनीहरूको मनोदशाको सजीव प्रस्तुति पाइन्छ। बागलुङको गलकोट नगरपालिका-७ मल्ममा जन्मिएका खत्रीका दसैंगीतबाहेक 'भरिया दाइ', 'कि लास चाहियो कि सास चाहियो', 'जम्मु काश्मिरमा'लगायत दर्जनौं लोक तथा दोहोरी गीत चर्चित छन्।

# 'तोरकीन'मा उपल्लो मुस्ताङको कथा

■ प्रभाव संवाददाता

**काठमाडौं–** पत्रकार एवं युवा लेखक क्षितिज समर्पणको पहिलो उपन्यास 'तोरकीन' बजारमा आएको छ। माथिल्लो मुस्ताङमा बसाइँसराइले पारेको प्रभावबारे अनुसन्धान गरी लेखिएको तोरकीनलाई बुकहिलले हालै बजारमा ल्याएको हो।


लेखकका अनुसार माथिल्लो मुस्ताङको जन्म, विवाह, मृत्यु संस्कार, रहनसहन, बसाइँसराइ, संस्कृति, परम्परा तथा गुम्बा र दरबारको सामाजिक, सांस्कृतिक एवं भौगोलिक इतिहासको कथालाई खोज-अनुसन्धान गरी मिथकीय शैलीमा उपन्यासमा प्रस्तुत गरिएको छ। 'मैले रित्तिँदै गएका बस्ती, पग्लिँदै गरेका हिमाल, चिसिँदै गएका सम्बन्ध, हराउँदै गएका संस्कार, परम्परा र संस्कृतिको कथा लेखेको हुँ। यस उपन्यासमार्फत पाठकलाई फेरि मानव सभ्यताको जरामा फर्काउने कोसिस गरेको छु,' लेखक समर्पणले भने।

उपन्यासमा छेवाङ र कुन्साङ मुख्य पात्रमार्फत तीन पुस्ताको कथाभित्र मानव जीवनमा आउने आरोह अवरोह तथा सपना र सम्बन्धहरूको यथार्थपरक चित्रण गरिएको छ।

स्थानीय ल्होवा भाषामा 'तोरकीन'को अर्थ हराउँदै जानु वा लोप हुनु हो। सरल र काव्यात्मक भाषाशैली तथा पात्रहरूको कथ्यशैलीको स्थानीय लवजले उपन्यासलाई अझै रूचिकर र पठनीय बनाएको छ।



महत्त्वाकांक्षी किताबहरूको सूचीमा प्रकाशन गरिएको यस उपन्यासमार्फत नेपाली साहित्यमा एक उम्दा नयाँ लेखकको उदय भएको प्रकाशक बुकहिलको भनाइ छ। जाजरकोटमा जन्मिएका लेखक समर्पण गीत, गजल र आख्यान लेखनमा सक्रिय छन्। उनी 'बाह्रखरी कथा लेखन प्रतियोगिता' (२०७६ र २०७७) पुरस्कृत भएका थिए। उनी दशौं राष्ट्रिय खेलगीतका रचनाकारसमेत हुन्। कूल ३३६ पृष्ठको पुस्तकको बजार मूल्य ६६६ रूपैयाँ रहेको छ।




# 'डल्लेले इन्ट्री मार्‍यो'मा सागरको जोडी रोशनी

■ प्रभाव संवाददाता

**काठमाडौं –** चलचित्र 'डल्लेले इन्ट्री मार्‍यो'को शीर्ष भूमिकामा मोडल तथा थिएटर आर्टिष्ट रोशनी खड्का अनुबन्ध भएकी छिन्। राजु गिरीको निर्देशनमा बन्ने चलचित्रमा रोशनीलाई दसैंको अवसर पारेर अनुबन्ध गरेको हो।

'मिस नेपाल २०२५'मा अडिसन दिएको एउटा भिडियो क्लिप्स सार्वजनिक भएपछि चर्चामा आएकी रोशनीलाई 'डल्लेले इन्ट्री मार्‍यो' मा चर्चित हाँस्य कलाकार सागर लम्साल (बले) को जोडीका रूपमा देख्न पाइनेछ। कलाकार लम्साल यसै चलचित्रमार्फत हिरोको रूपमा देखिन लागेका हुन्।



लक्ष्मण सुवेदीको लेखन रहेको चलचित्रमा सागर र रोशनीका साथमा रमेश बुढाथोकी, रबिन्द्र झा, ध्रुव कोइराला, सुभाष गजुरेललगायतका कलाकारले अभिनय रहनेछ।

श्याम तामाङको छायाङ्कन, देव महर्जनको द्वन्द्व, अर्जुन पोखरेल, बाबुल गिरी र रिमेशकुमार थापाको सङ्गीत रहने चलचित्रको छायाङ्कन चितवन र काठमाडौंमा हुनेछ।

सामाजिक कथानक हास्य प्रधान चलचित्र उषा फिल्मसको ब्यानरमा बन्न लागेको हो। चलचित्रको सुटिङ दसैंपछि सुरु हुनेछ।

## रंगशाला

# शीर्ष डिभिजन लिग ६ महिना सञ्चालन हुने



■ प्रभाव संवाददाता

**काठमाडौं–** दुई वर्षभन्दा बढी समयदेखि हुन नसकेको सहिद स्मारक 'ए' डिभिजन लिग पुसको दोस्रो साता हुने भएको छ। आइतबार अखिल नेपाल फुटबल संघ (एन्फा)ले परिमार्जित क्यालेन्डर सार्वजनिक गर्दै 'ए' डिभिजन लिग पुस ९ देखि असार २६ सम्म हुने जानकारी गराएको हो।

एन्फाले यसपाली देशका विभिन्न जिल्लामा १४ मैदान प्रयोग गरेर 'होम एन्ड अवे'का आधारमा लिग आयोजना गर्ने प्रस्ताव अघि सारेको छ। तर, शीर्ष डिभिजनका १४ क्लबसँग भने यसबारे विस्तृत छलफल हुन बाँकी नै छ।

शीर्ष डिभिजन लिगका बारेमा छलफल गर्न आइतबार एन्फाले पत्रमार्फत सबै क्लबलाई असोज २६ गत दिउँसो १ का लागि बैठकमा बोलाएको छ। सातदोबाटोस्थित एन्फा मुख्यालयमा बैठकमा जेनजी प्रदर्शनका कारण रोकिएको यु-१६ युथ लिगका बारेमा पनि छलफल हुने पत्रमा उल्लेख छ।

मंगलबार सार्वजनिक क्यालेन्डरअनुसार यु-१६ युथ लिग कार्तिक १७ देखि पुनः सुचारु हुने उल्लेख गरिएको छ। प्रतियोगिता मंसिर २ सम्म चल्नेछ।

जेनजी आन्दोलनले विकराल रूप लिँदा एन्फाले चलिरहेको यु-१६ युथ लिगसँगै पूर्वघोषित सबैखाले घरेलु गतिविधि अनिश्चिकालका लागि स्थगित गरेको थियो।

गत मंगलबार मात्र एन्फाले सबै क्लबहरूलाई पत्र पठाउँदै प्राविधिक कारण देखाएर बैठक अनिश्चितकालका लागि स्थगित गरिएको जानकारी गराएको थियो।

त्यसको एक दिनअघि सोमबार पनि एन्फाका केही पदाधिकारी र क्लब प्रतिनिधिहरूबीचको अन्तरक्रिया कार्यक्रममा रोकिएको यु-१६ लिग तथा शीर्ष डिभिजन लिगको विषयमा प्रारम्भिक छलफल भएको थियो। जसबाट अर्को सूचना नआएसम्मका लागि सम्पूर्ण गतिविधि बन्द हुने निचोड निकालिएको थियो।

# एन्फाले यो वर्ष दुई महिला लिग गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** अखिल नेपाल फुटबल संघ (एन्फा) ले यो वर्ष दुई महिला लिग आयोजना गर्ने भएको छ। सार्वजनिक क्यालेन्डर अनुसार यो वर्ष सहिद स्मारक महिला लिग र सहिद स्मारक महिला सुपर लिग हुनेछ।

महिला लिग माघ ९ देखि फागुन ५ सम्म काठमाडौं उपत्यका बाहिर गर्ने एन्फाको तयारी छ। यसैगरी महिला सुपर लिग फागुन ९ देखि १६ सम्म हुने भनिए पनि स्थान भने तय भएको छैन। दुवै प्रतियोगिता पहिलो पटक हुन लागेको हो।

यता एन्फा महिला च्याम्पियनसिप पुस ११ देखि २२ सम्म च्यासल मैदानमा हुने भएको छ। यस्तै नेपाली राष्ट्रिय महिला




फुटबल टोलीले कार्तिक ९ मा भारतसँग मैत्रीपूर्ण खेल भएको छ। यो खेल सिक्किममा सञ्चालन गरिनेछ।

यसैगरी नेपालले इन्डोनेसियामा त्रिदेशीय मैत्रीपूण फुटबल प्रतियोगिता पनि खेल्ने भएको छ। दक्षिण एसियाली फुटबल महासंघ (साफ) महिला क्लब च्याम्पियनसिप मंसिर १९ देखि पुस ५ सम्म दशरथ रंगशालामा खेलाइने छ।

## मलेसियन सुपर वुमन शृंखला

# सेन्ट्रल सुपर गर्ल्सको कप्तानमा सीता

■ प्रभाव संवाददाता

**काठमााडौं –** मलेसियन सुपर वुमन शृंखलामा नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीकी सदस्य सीता रानामगरले सेन्ट्रल सुपर गर्ल्सको कप्तानी गर्ने भएकी छन्। प्रतियोगिता मलेसियन क्रिकेट संघको आयोजनामा यही सेप्टेम्बर २४ देखि ३० सम्म हुनेछ। यो टिमबाट सीतासहित यशोद विष्ट, राजमति ऐरी र रिया शर्माले खेल्नेछन्।




यस्तै नेपालकी कप्तान इन्दु बर्माले साबिक विजेता वेस्टर्न वन्डर वुमनको पनि कप्तानी गर्ने भएकी छन्। प्रतियोगिताको तेस्रो संस्करणमा सेन्ट्रल सुपर गर्ल्स इस्टर्न लायनेस, नर्थन क्विन्स, साउथर्न जागुअर्स र वेस्टर्न वन्डर वुमन सहभागी छन्।

मलेसियाविरुद्धको ट्वान्टी-२० अन्तर्राष्ट्रिय शृंखलाको तयारीका लागि यो प्रतियोगिता नेपाली खेलाडीलाई फलदायी हुने अपेक्षा गरिएको छ। शृंखला मलेसियामा आगामी अक्टोबर २ देखि ८ सम्म हुनेछ।



भारतको अमृतसरस्थित बाहिरी इलाकामा ट्र्याक्टरमा परालका बण्डलहरू लोड गर्दैं मजदुर । *तस्विरः एएफपी*

# ह्वाइट हाउसले स्वीकारेन मदुरोको वार्ता प्रस्ताव



**काराकास–** ह्वाइट हाउसले सोमबार भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग वार्ता गर्न गरेको अनुरोध अस्वीकार गरेको छ । मदुरोले दुई कट्टर शत्रुबीच तनाव कम गर्न संवाद प्रस्ताव गरेका थिए ।

भेनेजुएलाका दुई प्रमुख विपक्षी नेताहरूले अमेरिकाको नौसैनिक तैनाथीलाई समर्थन गर्दै यसलाई लोकतन्त्र पुनर्स्थापनाका लागि महत्त्वपूर्ण भनेका छन् । ट्रम्पले दक्षिणी क्यारिबियनमा लागुऔषध विरोधी कारबाहीका लागि आठ युद्धपोत र एउटा पनडुब्बी पठाएका छन् । भेनेजुएलाले यसलाई सम्भावित आक्रमणको संकेतका रूपमा लिएको छ ।

अमेरिकी सेनाले हालै तीनवटा सन्दिग्ध लागुऔषध डुंगा नष्ट गरेको छ, जसमा एक दर्जनभन्दा बढीको मृत्यु भएको छ । भेनेजुएला सरकारले आइतबार मदुरोले ट्रम्पलाई पठाएको पत्र सार्वजनिक गरेको थियो । पत्रमा मदुरोले लागुऔषध कार्टेलसँग संलग्न भएको अमेरिकी आरोपलाई 'पूर्णतया झूटो' भन्दै अस्वीकार गरेका थिए र ट्रम्पलाई 'शान्ति कायम राख्न' आग्रह गरेका थिए ।

तर ह्वाइट हाउसकी प्रेससचिव क्यारोलिन लेभिटले पत्रमा 'धेरै झूटहरू' भएको बताइन् । उनले अमेरिकाको नीति परिवर्तन नभएको र मदुरो शासनलाई अझै 'अवैध' मानिएको स्पष्ट पारिन् ।

यो तैनाथी क्यारिबियन क्षेत्रमा वर्षौंयताकै सबैभन्दा ठूलो हो । मदुरोले ट्रम्पलाई शासन परिवर्तन प्रयासको दोषारोपण गर्दै यो पहिलो पत्र भए पनि थप पठाउने बताए । उनले आफ्नो साप्ताहिक टेलिभिजन कार्यक्रममा 'भेनेजुएलाको सत्यको रक्षा' गर्ने संकल्प व्यक्त गरे ।

भेनेजुएलाका रक्षामन्त्री भ्लादिमिर पाद्रिनो लोपेजले अमेरिकामाथि 'अघोषित युद्ध' चलाएको आरोप लगाउँदै लागुऔषध डुंगामा सवारहरूलाई 'रक्षाको अधिकारविना मृत्युदण्ड दिइएको' दाबी गरे । नगद संकटमा परेको भेनेजुएलामा हजारौं नागरिक मिलिसियामा सामेल भइरहेका छन् ।

केही भेनेजुएलालीहरूले भने अमेरिकी कदमको स्वागत गर्दै मदुरोको पतन छिटो हुने अपेक्षा राखेका छन् । निर्वासित विपक्षी नेता एडमण्डो गोञ्जालेज उरुटियाले सैन्य तैनाथीलाई आपराधिक संरचना ध्वस्त पार्न आवश्यक रहेको बताए । विपक्षी नेत्री मारिया कोरिना मचाडोले पनि यसलाई समर्थन गर्दै भेनेजुएलाका गिरोहहरू अमेरिकाको 'सुरक्षा र स्थिरतामा बढ्दो खतरा' भएको बताइन् ।

तर अर्का विपक्षी व्यक्तित्व हेनरिक क्याप्रिल्सले अमेरिकी हस्तक्षेपको विरोध गर्दै 'समाधान सैन्य होइन, राजनीतिक हो' भने । उनका अनुसार ट्रम्पका कदमहरूले उल्टै सत्तामा रहेकाहरूलाई बल पुर्‍याउने छन् । गत वर्ष मदुरोको विवादास्पद पुनर्निर्वाचनपछि हिंसात्मक प्रदर्शनमा दुई दर्जनभन्दा बढी मारिएका र सयौं पक्राउ परेका थिए । विपक्षीहरूले नतिजाले मचाडोलाई प्रतिबन्ध लगाइएपछि उम्मेदवार बनेका गोञ्जालेज उरुटियाले वास्तविकरूपमा जितेको दाबी गरेका छन् । गिरफ्तारीको डरले उनी स्पेनतर्फ भागे भने मचाडो अझै भेनेजुएलामै लुकेर बसेका छन् । *रासस/एएफपी*

# फिलिपिन्सका पूर्वराष्ट्रपति डुटेर्टे मानवताविरूद्ध अपराधमा अभियुक्त



**द हेग–** फिलिपिन्सका पूर्वराष्ट्रपति रोड्रिगो डुटेर्टेमाथि मानवताविरुद्ध अपराधको आरोप लगाइएको छ । उनलाई राष्ट्रपति र मेयर रहँदा कम्तीमा ७६ जनाको हत्या संलग्नतामा दोषी ठहर गरिएको हो ।

अन्तर्राष्ट्रिय अपराध अदालत (आइसिसी)का अभियोजनकर्ताले जुलाई ४ मा पेस गरेको १५ पृष्ठ लामो आरोपपत्र सोमबार सार्वजनिक गरिएको हो । यसमा डुटेर्टेले 'कथित लागुऔषध व्यापारी, प्रयोगकर्ता तथा अन्य अपराधीहरूविरुद्ध हत्या र हिंसात्मक कार्य गर्न निर्देशन र अधिकार दिएको' दाबी गरिएको छ ।

पहिलो अभियोगअनुसार उनले सन् २०१३-२०१६ बीच दाभाओ सहरको मेयर हुँदा १९ जनाको हत्या गराएका थिए । दोस्रोमा, सन् २०१६-२०१७ मा राष्ट्रपति हुँदा लक्षित हत्यामा १४ जनाको मृत्यु भएको उल्लेख छ । तेस्रो अभियोगले सन् २०१६-२०१८ बीच 'निकासी अभियान' मा ४३ जनाको हत्या भएको दाबी गर्छ ।

डुटेर्टे, उनका वकिल वा परिवारले यी आरोपहरूबारे तत्काल प्रतिक्रिया दिएका छैनन् । राष्ट्रपति रहँदा उनले गैरन्यायिक हत्यालाई अस्वीकार गरे पनि खुलेर लागुऔषध संदिग्धहरूलाई मृत्युदण्ड दिने धम्की दिनुभएको थियो । उनले हिंसात्मक प्रतिरोध गर्नेहरूलाई गोली चलाउन प्रहरीलाई प्रोत्साहन गरेका थिए ।

मार्चमा फिलिपिन्सका अधिकारीहरूले आइसिसीले जारी गरेको वारेन्टमा उनलाई पक्राउ गरी नेदरल्यान्ड्सस्थित आइसिसीको हिरासतमा राखिएको हो । उनका समर्थकहरूले राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरको प्रशासनमाथि राजनीतिक प्रतिशोधको आरोप लगाएका छन् । उनीहरूको भनाइमा आइसिसीको क्षेत्राधिकार विवादित छ ।

अदालतमा सुनुवाइ मंगलबार सुरु हुने तय भए पनि डुटेर्टे मुद्दा चलाउन योग्य छन् कि छैनन् भन्ने वकिलहरूको तर्क मूल्यांकन गर्न न्यायाधीशहरूले समय मागेपछि स्थगित गरिएको छ । *रासस/एपी*

# सिंगापुरको ढुवानी कम्पनीद्वारा श्रीलंकाको एक अर्ब डलर क्षतिपूर्ति अस्वीकार

**सिंगापुर–** सिंगापुरस्थित ढुवानी कम्पनी एक्स-प्रेस फिडर्सले मंगलबार एएफपीसँगको अन्तर्वार्तामा श्रीलंकाको सर्वोच्च अदालतले आदेश दिएको एक अर्ब अमेरिकी डलर क्षतिपूर्ति तिर्न अस्वीकार गर्ने जनाएको छ ।

कम्पनीका प्रमुख कार्यकारी स्मुएल योस्कोभिट्जले क्षतिपूर्ति भुक्तानीले विश्वव्यापी ढुवानीमा गम्भीर असर पार्ने र 'खतरनाक उदाहरण' स्थापित गर्ने विश्वास व्यक्त गरे ।

यो कम्पनीले सञ्चालन गरेको एमभी एक्स-प्रेस पर्ल जहाज सन् २०२१ जुनमा कोलम्बो नजिक आगलागीपछि डुबेको थियो । उक्त घटनामा नाइट्रिक एसिड चुहावट, खतरनाक सामान बोकेका ८१ कन्टेनर र सयौं टन प्लास्टिक छर्राहरू समुद्रमा बगेका थिए । कतार र भारतले एसिड उतार्न अस्वीकार गरेपछि जहाज श्रीलंकाको पानीमा प्रवेश गरेको थियो ।

टनौं माइक्रोप्लास्टिकले श्रीलंकाको पश्चिमी तटको ८० किलोमिटर क्षेत्रमा प्रदूषण फैलाएको थियो, जसका कारण महिनौं माछा मार्न प्रतिबन्ध लगाइएको थियो ।

श्रीलंकाको सर्वोच्च अदालतले जुलाईमा कम्पनीलाई एक वर्षभित्र 'प्रारम्भिक' एक अर्ब डलर क्षतिपूर्ति तिर्न आदेश दिँदै पहिलो किस्ता २५ करोड डलर मंगलबारसम्म बुझाउन भनिएको थियो । साथै भविष्यमा थप भुक्तानी गर्नुपर्ने आदेश पनि दिएको थियो ।

### ह्यांगिङ गिलोटिन

योस्कोभिट्जले अनिश्चित दायित्व अस्वीकार गर्दै भने, 'समुद्री व्यापार दायित्वको सीमामा आधारित छ । यो निर्णयले त्यसलाई कमजोर पार्छ ।' उनले यसले भविष्यका घटनामा खतरनाक उदाहरण बन्ने दाबी गरे । उनका अनुसार यसले उच्च बिमा प्रिमियम निम्त्याई उपभोक्तालाई असर पुर्‍याउने छ । कम्पनीले भने विपत्तिका लागि माफी माग्दै यसअघि १७ करोड डलर भग्नावशेष हटाउन, समुद्र सफा गर्न र माझीलाई क्षतिपूर्ति दिन खर्च भइसकेको बताएको छ ।


'हामी थप तिर्न तयार छौं तर निश्चित समुद्री सम्मेलन र अन्तिम रकमको आधारमा मात्र । तर अनिश्चित दायित्व झुण्डिएको अवस्थामा काम गर्न असम्भव छ,' उनले भने ।

### दीर्घकालीन प्रभाव

श्रीलंकाको सर्वोच्च अदालतले बिहीबार यसबारे सुनुवाइ तय गरेको छ । वातावरणविद्हरूले प्रदूषणको दीर्घकालीन असरबारे थप अनुसन्धान गर्न माग गरेका छन् ।

अदालतले अनुपालन नभए आपराधिक कार्यवाही सुरु गर्न आदेश दिइसकेको छ । जहाजका रुसी क्याप्टेन भिटाली त्युट्कालोलाई चार वर्षदेखि श्रीलंका छाड्न प्रतिबन्ध छ । कम्पनीले उनको रिहाइका लागि जरिवाना तिर्न प्रस्ताव गरे पनि अस्वीकार भएको छ । एडमिरल्टी कोर्ट (लन्डन) ले सन् २०२३ मा कम्पनीको दायित्व अधिकतम् एक करोड ९० लाख पाउण्डमा सीमित गर्ने आदेश दिएको थियो, तर श्रीलंकाले यसलाई चुनौती दिएको छ । श्रीलंका सरकारले सिंगापुर अन्तर्राष्ट्रिय वाणिज्य अदालतमा पनि मुद्दा दायर गरेको छ, जसको सुनुवाइ सन् २०२६ मेमा हुने अपेक्षा गरिएको छ । *रासस/एएफपी*

# सुपर टाइफुन रागासा नजिकिँदा चीनका १० सहरमा विद्यालय-व्यवसाय बन्द



**बेइजिङ–** सुपर टाइफुन रागासा दक्षिण चीनतर्फ नजिकिँदै जाँदा मंगलबार कम्तीमा १० वटा सहरमा विद्यालय र व्यवसाय बन्द गर्ने आदेश दिइएको छ ।

यी उपायहरूले लाखौं मानिस प्रभावित हुने छन् भने चीनको प्रमुख उत्पादन क्षेत्रका हजारौं कारखानामा क्रियाकलाप रोकिँदै गएको छ । गुआङ्गडोङ प्रान्तको आपत्कालीन व्यवस्थापन ब्युरोले रागासाले २४ घण्टाभित्र प्रान्तको मध्य र पश्चिमी तटीय क्षेत्रमा अवतरण गर्ने जानकारी दिएको छ । 'प्रमुख क्षेत्रहरूले निर्णायक उपाय अपनाउनुपर्छ, मानिसहरूको जीवन र सम्पत्तिको सुरक्षा सुनिश्चित गर्नुपर्छ र क्षति कम गर्न सक्दो प्रयास गर्नुपर्छ,' विज्ञप्तिमा भनिएको छ ।

रागासा नजिकिँदै गर्दा गुआङ्गडोङले आँधीका लागि उच्चतम आपत्कालीन प्रतिक्रिया सक्रिय गरेको छ । हङकङ मौसम सेवाअनुसार यसले २३० किलोमिटर प्रतिघण्टासम्मको हावा बोकेको छ । सेञ्जेनले चार लाख मानिसलाई खाली गर्न आदेश दिएको छ । अधिकारीहरूले 'तीव्र हावा, वर्षा, छाल र बाढी'को चेतावनी दिँदै आकस्मिक अवस्थाबाहेक बाहिर ननिस्कन आग्रह गरेका छन् । बजार र काम दिउँसोदेखि बन्द हुने जनाइएको छ ।

झुहाई, डोङ्गगुआन र फोसानलगायत अन्य प्रमुख सहरमा पनि निलम्बन आदेश जारी गरिएको छ । फोसानको आपत्कालीन मुख्यालयले 'तीव्र हावा र भारी वर्षाले सहरलाई गम्भीर असर पार्ने छ' भन्दै चेतावनी दिएको छ ।

रागासा हाल दक्षिण चीन सागर हुँदै अघि बढिरहेको छ । यसअघि फिलिपिन्समा यसले प्रभाव पारेको थियो । त्यहाँ एक व्यक्तिको मृत्यु भएको थियो । चिनियाँ राज्य प्रसारक सिसिटिभीले जलमार्गको उत्तरी भाग, ताइवान स्ट्रेटको दक्षिणी भाग, बाशी च्यानल र गुआङ्गडोङ नजिकै सञ्चालन हुने जहाजहरूलाई सुरक्षा सचेतना अपनाउन आग्रह गरेको छ । वैज्ञानिकहरू मानवसिर्जित जलवायु परिवर्तनले आँधीबेहरीलाई अझ शक्तिशाली र बारम्बार बनाउँदै गएकोमा एकमत छन् । *रासस/एएफपी*

# दक्षिण कोरियाको व्यापार क्षेत्रमा सकारात्मक प्रगति, रोजगारी बढ्यो

**सउल–** दक्षिण कोरियामा सन् २०२४ मा व्यवसायहरूको संख्या वृद्धि भएको छ । यो वृद्धि विशेषरूपमा विद्युत् तथा प्राकृतिक ग्यास, साथै थोक तथा खुद्रा क्षेत्रको विस्तारका कारण भएको राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित तथ्यांकमा उल्लेख गरिएको छ ।

तथ्यांकअनुसार सन् २०२४ को अन्त्यसम्म देशभर ६३ लाख ५३ हजार ६७३ व्यवसाय दर्ता भएका छन्, जुन अघिल्लो वर्षको तुलनामा १.७ प्रतिशतले वृद्धि भएको हो ।

हाल निर्माण तथा रियल स्टेटसम्बन्धी व्यवसायहरूको संख्या केही घटेको देखिएता पनि विद्युत् तथा प्राकृतिक ग्यास कम्पनीहरूको संख्या उल्लेखनीयरूपमा अर्थात् ३३.७ प्रतिशतले बढेको छ । त्यसैगरी, थोक तथा खुद्रा व्यवसायहरूमा पनि २.३ प्रतिशतको वृद्धि देखिएको छ ।

व्यवसायको संख्याअनुसार थोक तथा खुद्रा क्षेत्र सबैभन्दा अगाडि रहेको छ, जहाँ १६ लाख १२ हजार ८२५ व्यवसाय सञ्चालनमा छन् । त्यसपछि आठ लाख ५८ हजार ३७३ व्यवसायसहित आतिथ्य (लजिङ तथा रेस्टुरेन्ट) क्षेत्र दोस्रो स्थानमा छ र छ लाख ७३ हजार ३२४ व्यवसायसहित यातायात क्षेत्र तेस्रो स्थानमा रहेको छ । व्यवसायहरूद्वारा कूल दुई करोड ५७ लाख ३१ हजार १०५ जनालाई रोजगारी प्रदान गरिएको छ, जुन अघिल्लो वर्षको तुलनामा १.१ प्रतिशतले वृद्धि भएको हो ।

रोजगारीका हिसाबले उत्पादन (म्यानुफ्याक्चरिङ) उद्योग अग्रस्थानमा रहेको छ, जहाँ ४१ लाख ४६ हजार ११९ जना कर्मचारी कार्यरत छन् । त्यसपछि थोक तथा खुद्रा क्षेत्रमा ३५ लाख ९९ हजार ६८० र स्वास्थ्य तथा सामाजिक सेवा क्षेत्रमा २७ लाख ६४ हजार जनाले रोजगारी पाएका छन् । यद्यपि निर्माण तथा आतिथ्य क्षेत्रहरूमा रोजगारीको संख्या केही घटेको देखिएता पनि स्वास्थ्य तथा सामाजिक सेवा साथै व्यवसाय व्यवस्थापन सेवाजस्ता क्षेत्रहरूमा भने रोजगारीमा सानो दरले सकारात्मक वृद्धि भएको देखिन्छ । *रासस/सिन्ह्वा*

**छिन्नमस्ता गाउँपालिका**
**गाउँ कार्यपलिकाको कार्यालय**
छिन्नमस्ता, सप्तरी, मधेश प्रदेश, नेपाल

**जनहितमा जारी सन्देश**

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी

डेंगीको लक्षणहरुः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

**डेंगीबाट बच्ने उपायहरु**

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

**लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

छापावाला सुन / तेजाबी सुन / चाँदी

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २२१७०० | प्रति तोला – ० | प्रति तोला – २६८० |



**जुम्ली मार्सी खेती** | जुम्लाको तिला गाउँपालिका–३ स्थित तिला नदी र नदी किनारा खेतमा स्थानीयले उत्पादन गरेको मार्सीधान ।

*तस्बिर : विजय रावत/रासस*

# काठमाडौं–कोलकाता उडान गर्दै बुद्ध एयर

■ प्रभाव संवाददाता

**काठमाडौं–** निजी क्षेत्रको वायुसेवा प्रदायक कम्पनी बुद्ध एयरले भारतको कोलकातामा सीधा उडान पुनः सुरु गर्ने भएको छ ।

कम्पनीले अन्तरराष्ट्रियतर्फको दोस्रो उडान भारतको पश्चिम बङ्गालको राजधानी कोलकाता' कात्तिक २ (१९ अक्टोबर)बाट पुनः सुरु गर्ने भएको हो । कोलकाता-काठमाडौंको सीधा हवाई सेवा सञ्चालन गर्ने बुद्ध एयर एकमात्र नेपाली विमान सेवा कम्पनी हो । अहिले यो रुटमा हवाई उडान गर्नेमा पनि बुद्ध एयर एकमात्र हो ।

सुरुमा साताको तीन दिन आइतबार, मङ्गलबार र बिहीबार उडान सञ्चालन गर्ने कम्पनीको योजना छ । काठमाडौंबाट बिहान ७:०० बजे र कोलकाताबाट स्थानीय समय ०९:२० बजे उडान हुनेछ । कोलकाता उडान एटीआर-७२ जहाजबाट गर्नेछ । यस रुटको उडान अवधि लगभग एक घण्टा ३५ मिनेटको हुनेछ ।

यात्रुको एकतर्फी भाडा रु १३ हजार ३५३ तोकिएको छ । घुम्न रुचाउनेका लागि पर्यटकीय र धार्मिक प्याकेज पनि समावेश गरिनेछ । समय र पैसाको बचत होस हेतुले बुद्ध एयरले नेपालबाट भारतका विभिन्न धार्मिक तथा सांस्कृतिकस्थल भ्रमणको लागि 'आउटबाउन्ड' तथा भारतबाट नेपालका विभिन्न स्थानको भ्रमणको लागि 'इनबाउन्ड होलिडे प्याकेज' पनि सञ्चालन गरिरहेको छ ।

नेपाली यात्रुहरूलाई कोलकाता उडानसँगै जगन्नाथपुरी दर्शन, सुन्दरवन, गङ्गासागरलगायतका भ्रमण प्याकेज सञ्चालनमा आउने छन् । यी प्याकेजहरू बुद्ध एयरको भगिनी संस्था बुद्ध होलिडेजले सञ्चालन गरिरहेको छ ।

व्यापार, कामकाज वा पारिवारिक भ्रमण जेसुकै भए पनि कोलकाता उडानमार्फत भारतको पर्यटन बजारलाई नेपाल भित्र्याउने लक्ष्य बुद्ध एयरले लिएको छ । उडान तथा होलिडे प्याकेजमार्फत भारतीय धार्मिक तथा पर्यटकीय यात्रुलाई नेपाल भित्र्याई पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने विश्वास बुद्ध एयरको रहेको छ ।

बुद्ध एयरले देशका विभिन्न भागमा दिनहुँ छ दर्जनभन्दा बढी उडान भरिरहेको छ । अन्तरराष्ट्रियतर्फ बुद्ध एयर भारतको वाराणसीमा साताको सोमबार, बुधबार र शुक्रबार उडान भरिरहेको छ । यसअघि बुद्ध एयरले विसं २०७६ को वैशाख २ गतेदेखि कोलकाता उडान भरेको थियो । पछि कोभिड महामारीका कारण मङ्सिर १६ गतेदेखि सो उडान तत्कालको लागि स्थगन गरेको थियो ।

▶▶ **सुरुमा साताको तीन दिन आइतबार, मंगलबार र बिहीबार उडान सञ्चालन गर्ने कम्पनीको योजना छ । काठमाडौंबाट बिहान ७:०० बजे र कोलकाताबाट स्थानीय समय ०९:२० बजे उडान हुनेछ । कोलकाता उडान एटीआर-७२ जहाजबाट गर्नेछ । यस रुटको उडान अवधि लगभग एक घण्टा ३५ मिनेटको हुनेछ ।**

# धवलागिरि आरोहण गर्न २४ जनाले अनुमति लिए

■ प्रभाव संवाददाता

**म्याग्दी–** सन् २०२५ को चालु शरदयाममा म्याग्दीस्थित धवलागिरि हिमाल आरोहणका लागि २४ जनाले अनुमति लिएका छन् । विश्वको सातौँ (आठ हजार १६७ मिटर) अग्लो धवलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका-४ मा पर्दछ ।

पर्यटन विभागका अनुसार धवलागिरि आरोहणको अनुमति लिएकाबाट रु ५० लाख ७१ हजार सलामी दस्तुर (शुल्क) प्राप्त भएको छ । शरदयाममा सगरमाथाबाहेक आठ हजार मिटर अग्ला हिमाल आरोहण गर्न चाहने विदेशीले प्रतिआरोही नौ सय डलर सलामी दस्तुर तिर्नुपर्छ ।

अन्य साना हिमालका लागि न्यूनतम एक सय २५ देखि अधिकतम चार सयसम्म सलामी दस्तुर तिर्नुपर्ने व्यवस्था छ । विभागले पछिल्लोपटक सार्वजनिक गरेको तथ्यांकअनुसार गोरखामा रहेको (आठ हजार १६३ मिटर अग्लो) मनास्लु हिमाल आरोहणका लागि तीन सय ७४ जनाले अनुमति लिएका छन् ।



शरदयामका आरोहीहरूको रोजाइमा मनास्लु हिमाल पर्ने गरेको छ । आरोहण अनुमति लिनेको संख्यामा धवलागिरि दोस्रो स्थानमा रहेको छ । आरोही, शेर्पा, पथप्रदर्शक, भरिया र सहयोगी आधार शिविर पुग्न थालेका इटली आधार शिविरका होटल व्यवसायीसमेत रहेका धवलागिरि-४ का वडासदस्य हरिप्रसाद तिलिजाले बताए ।

यसपालि आरोहण टोली मुस्ताङको मार्फादेखि याकखर्क हुँदै आधार शिविरतर्फ गएका छन् । धवलागिरि गाउँपालिकाको मुदी बगर हुँदै जाने पदमार्ग बिग्रिएको, घुमाउरो र टाढा पर्ने भएकाले मुस्ताङको पदमार्ग प्रयोग गरेर गएका हुन् ।

गत वसन्तयाममा दुई समूहका १५ जनाले आरोहण अनुमति लिएबापत रु ३६ लाख ९१ हजार राजस्व संकलन भएको थियो । सन् २०२४ को शरदयाममा एउटा समूहका १४ पुरुष पर्वतारोहीले आरोहणको अनुमति लिएकामा रुसका पाँच जनाको हिउँपहिरोमा पुरिएर ज्यान गएको थियो । छिनछिनमा परिवर्तन हुने मौसम धवलागिरि आरोहणका लागि चुनौती बन्ने गर्छ ।

अन्य हिमालको तुलनामा धवलागिरि आरोहणलाई जोखिमयुक्त र साहसिक मानिन्छ । सन् १९६० मे १३ मा अस्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलोपटक धवलागिरि हिमालको सफल आरोहण गरेका थिए । डिम्बर्गरसहित पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्ज र नवाङ दोर्ज पहिलोपटक धवलागिरिको चुचुरोमा पुगेका थिए ।

# वीरगञ्ज नाका हुँदै २६ अर्बको पेट्रोलियम पदार्थ आयात

■ प्रभाव संवाददाता

**वीरगञ्ज (पर्सा)–** वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्ष २०८२/८३ को दुई महिनामा रु २६ अर्ब ३३ करोड बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । सो अवधिमा डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयात गरिएको हो ।

गत आवको दुई महिनाको तुलनामा चालु आवको दुई महिनामा उक्त नाका हुँदै रु एक अर्ब ७६ करोड बढीको पेट्रोलियम पदार्थ आयात गरिएको वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले जानकारी दिए । सो अवधिमा आयात बढेसँगै रु एक अर्ब २९ करोड बढी राजस्वसमेत संकलन भएको छ ।

'यहाँको राजस्वको मुख्य आधार पेट्रोलियम पदार्थ र सवारीसाधन आयात हो', प्रमुख भन्सार प्रशासक ज्ञवालीले भने । गत आवको दुई महिनाको अवधिमा पेट्रोलियम पदार्थ आयातबाट कार्यालयले रु नौ अर्ब ८९ करोड राजस्व संकलन गरेको थियो । त्यस्तै चालु आवको दुई महिनामा पेट्रोलियम पदार्थबाट रु ११ अर्ब १८ करोड संकलन गरेको छ ।

चालु आवको दुई महिनामा रु ११ अर्ब ९१ करोडको एक लाख ३२ हजार आठ सय २४ किलोलिटर डिजेल आयात गरिँदा रु पाँच अर्ब २८ करोड राजस्व संकलन भएको छ । गत आवको सोही अवधिमा रु १० अर्ब ४५ करोड मूल्यको डिजेल आयात हुँदा रु चार अर्ब ५१ करोड राजस्व संकलन भएको प्रमुख भन्सार प्रशासक ज्ञवालीले बताए ।

चालु आवको दुई महिनामा रु छ अर्ब ८२ करोडको ८० हजार ५६० किलोलिटर पेट्रोल आयात हुँदा कार्यालयले रु चार अर्ब ५४ करोड राजस्व संकलन गरेको छ । गत आवको सोही अवधिमा भने रु छ अर्ब ४० करोडको ६९ हजार ६४७ किलोलिटर पेट्रोल आयात हुँदा रु तीन अर्ब ९९ करोड राजस्व संकलन भएको थियो । त्यस्तै चालु आवको दुई महिनामा रु पाँच अर्ब १२ करोडको चार करोड ९५ लाख ६६ हजार ६६४ किलो एलपी ग्यास आयात हुँदा रु ९६ करोड राजस्व संकलन भएको छ । गत आवको सोही अवधिमा भने रु पाँच अर्ब ३६ करोडको चार करोड ९७ लाख ५५ हजार १९४ किलो एलपी ग्यास आयात हुँदा रु एक अर्ब राजस्व संकलन भएको कार्यालयले जनाएको छ ।

मुटुलाई माया गरौं ।
मुटुलाई स्वस्थ राख्न:
- नियमित व्यायाम गरौं, मोटोपन घटाऔं,
- नुनिलो, चिल्लो र गुलियो कम खाऔं, सन्तुलित आहार, फलफूल र हरियो सागसब्जी खाऔं,
- धूम्रपान र मद्यपान नगरौं,
- ध्यान, योग र सकारात्मक सोचमार्फत् तनाव कम गरौं,
- पर्याप्त मात्रामा सुतौं,
- सक्रिय जीवनशैली अवलम्बन गरौं ।
मुटुको नियमित परिक्षण गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

विजया दशमी को मंगलमय शुभकामना
नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली र छठ पर्व २०८२ को पावन अवसरमा हाम्रा सेवाग्राही, कर्मचारी एवं शुभचिन्तकहरुका साथै देश तथा विदेशमा रहनुहुने समस्त दाजुभाइ दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
SECURE M R
Al Secure Manpower Recruitment Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal, Tel: +977 1 4590800
Email : operation@smrnepal.com
श्रम ईजाजत नं. ८२३/०६६/०६७

हार्दिक शुभकामना
नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली र छठ पर्व २०८२ को पावन अवसरमा हाम्रा सेवाग्राही, कर्मचारी एवं शुभचिन्तकहरुका साथै देश तथा विदेशमा रहनुहुने समस्त दाजुभाइ दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
International Manpower Recruitment Pvt. Ltd.
Gwarko 7, Lalitpur, Nepal, Tel: 01-5204346, 5204347, 5204348, Mobile No.: +977 9801045628, 9851191649
श्रम ईजाजत नं. ३०९/०५९/०६०
FOR LOCATION

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ